IslamHouse.com

# पूजाहरूका विधिहरूको बारेमा ज्ञान

## (जकातको बारेमा फतवाहरू)

[ नेपाली - Nepali - نيبالي ]

लेखक

शैख मुहम्मद बिन सालेह अल उसैमीन

अनुवादकः

अतीकुर्रहमान मु.इदरीस खान मक्की

संशोधकः

मुहम्मद इदरीस सलफी

IslamHouse.com

# فقه العبادات

## (فتاوى الزكاة)

[ नेपाली - Nepali - نيبالي ]

الشيخ محمد بن صالح العثيمين

ترجمة

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

**सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।**

To connect translator: 0501372254
0501372254 :للتواصل مع المترجم
अनुवादकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४
प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
नि:शुल्क वितरणको लागि मात्र

## पुस्तक पाइने ठेगाना -:

इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. 00966-0501372254
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले समस्तको जीविकाको पूर्णतया व्यवस्था गऱ्यो र जसले हामीहरूको लागि हलाल र हराम स्पष्ट गरेर पुष्टि गरिदियो । यसर्थ म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत पनि हुन् । जहाँलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रकको अन्तराल पश्चात पठायो, ताकि समस्त मानवजातिलाई वासना र हवसपूजा र हरामबाट बचाएर धरती आकाशको स्रष्टासित संलग्न गरुन् । यसर्थ अल्लाहको अत्याधिक शान्ति र दया अवतरित होस्

मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिका पूजा र त्यसका विधिहरूको बारेमा छ यसको लेखक इस्लामका महान विद् शैख मुहम्मद बनि सालेह अल् उसैमीन ज्यू हुनुहुन्छ जुन सउदी अरबका महान विद्हरूमध्ये एक थिए, उहाँले यस किताबमा विशेषरूपले पूजाको बारेमा र त्यससित सम्बन्धित समस्याहरूबारे संक्षेपमा कुरा गरेका छन् । यस किताबको विषय अति मत्वपूर्ण हुनुको कारण मैले यसलाई नेपाली भाषामा अनुवाद गर्नुको लागि मनोनीत गरेको छु । र किताबको यो खण्ड जुन तपाईहरूको हातमा छ यसमा विशेषरूपले जकातसित सम्बन्धित कुराहरूलाई प्रष्ट गरिएको छ, यस आशाको साथ कि हाम्रा नेपाली दाजुभाइहरूलाई यसबाट लाभ पुग्नेछ, र मेरो यो सानो प्रयास सबै मुसलमान दाजुभाइको लागि मार्गदर्शक हुनेछ । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन्, साथै पाठकवर्गासित पनि सादर अनुरोध गर्दछु कि यस अनुवादमा कुनै त्रुटि भेटिएमा निम्नको

ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई कुमार्गबाट निकालेर सुमार्गमा लगाउनेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । ( आमीन)

**<u>अनुवादक</u>**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**

**तौलिहवा कपिलवस्तु (नेपाल)**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**

**सउदी मो. न. ००९६६५०१३७२२५४**

# जकातको बारेमा फतवाहरू

## जकातको शाब्दिक र वैधानिक अर्थ

प्रश्नः (१११) आदरणीय शैख ज्यू, शाब्दिक तौरले जकात (धर्मदाय) को अर्थ के हो, र वैधानिक तौरले यसको परिभाष के हो, र दुवैबीच के संलग्नता छ ?

उत्तरः जकातको शाब्दिक अर्था होः अभिवृद्धि र अधिकता, यसर्थ जुन वस्तुको पनि संख्या बढोस् वा त्यसमा अभिवृद्धि होस्, त त्यस वृद्धीय क्रमलाई जकात भनिन्छ । र भनिन्छ किः “जकज्जरओ” अर्थात वनस्पति उत्पन्न भएर त्यसमा अभिवृद्धि भयो, र त्यो लामो भयो ।

र रह्यो यसको वैधानिक अर्थ र परिभाषाको त त्यो होः अल्लाहको पूजा गर्नु अनविार्य मात्रालाई विशेष मालबाट निष्कासित गरेर विशेष समूहहरूद्वारा ।

र दुवै अर्थबीच संलग्नता यो छ कि जकात यद्यपि मालमा कमी गर्छ, तर त्यसको प्रभाव मालमा वृद्धि

गर्छ, यसर्थ यो मालमा कल्याणद्वारा र त्यसको मात्रा बढाएर अभिवृद्धि गर्छ । यसर्थ जब मान्छे अल्लाहले निर्धारित र अनिवार्य गरेको जकातलाई आफ्नो मालमध्येबाट निष्कासित गर्छ त अल्लाह त्यसको लागि जीविकाका यस्ता यस्ता मार्गहरू विस्तृत गरिदिन्छ जसको त्यो कल्पना पनि गरेको हुँदैन । अल्लाहको फर्मान छ:

﴿ وَمَآ ءَاتَيۡتُم مِّن رِّبٗا لِّيَرۡبُوَاْ فِيٓ أَمۡوَٰلِ ٱلنَّاسِ فَلَا يَرۡبُواْ عِندَ ٱللَّهِۖ وَمَآ ءَاتَيۡتُم مِّن زَكَوٰةٖ تُرِيدُونَ وَجۡهَ ٱللَّهِ فَأُوْلَٰٓئِكَ هُمُ ٱلۡمُضۡعِفُونَ ٣٩ ﴾ الروم: ٣٩

अर्थ: तिमीले जुन व्याजमा दिन्छौ, ताकि त्यो मानिसको मालमा शम्मिलित भई बढ्ने गरोस्, त त्यो अल्लाहकहाँ बढ्दैन, तर जुन जकात तिमीले अल्लाहको प्रसन्नता प्राप्त गर्नको निम्ति दियौ, त यस्ता मानिसहरूले नै (अल्लाहकहाँ) आफ्नो मालमा बृद्धि गर्छन् । (सूरतुर्रूम ३९)

र अर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ وَمَآ أَنفَقۡتُم مِّن شَيۡءٖ فَهُوَ يُخۡلِفُهُۥۖ وَهُوَ خَيۡرُ ٱلرَّٰزِقِينَ ٣٩ ﴾ سبأ: ٣٩

अर्थ: र जेजति तिमीले अल्लाहको बाटोमा खर्च गर्‍यौ, त्यसको सट्टा तिमीलाई पूरा पूरा प्रतिफल दिनेछ । र ऊ सबैभन्दा राम्रो जीविका दिनेवाला हो'' । (सूरतु सबा ३९)

र बनी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

"ما نقصت صدقة من مال" (أخرجه مسلم ، كتاب البر والصلة ، باب استحباب العفو والتواضع، رقم ..(2588)

अर्थ: जकातले मालमा कहिले पनि कमी गर्दैन । ( यसलाई मुस्लिमले किताबुल बिर्रे वस्सिलह, बाबु इस्तिहबाबिल् अफवे वत्तवाजुअ् अर्न्तगत वर्णन गर्नु भएको छ, हदीस नं. २५८८)

त यो दर्शनीय कुरो हो किनकि जुन मानसिहरूलाई अल्लाह यो अवसर प्रदान गर्छ कि उनी आफ्नो मालमा अनिवार्य भएको  मात्रा जकातको नाममा नष्किासित गर्छन्, त जुन खर्च गरेका हुन्छन् त्यसमा पनि कल्याणको आभास गर्छन्, र जुन तिनीहरूसित शेष हुन्छ त्यस मालमा पनि कल्याणको आभास गर्छन्, र कदाचित अल्लाह उनीहरूको लागि जीविकाका यस्ता माध्यमहरूलाई खोलिदिन्छ कि त्यसलाई प्रत्यक्ष आफ्नो आँखाले हेर्दछन्, र सबै मात्र त्यस कारण हुन्छ जुन उनी आफ्नो मालबाट अल्लाहको मार्गमा खर्च गर्दछन् ।

यसर्थ जकातको वैधानिक अर्थ र शाब्दिक अर्थमा जुन समानता र संलग्नता छ त्यो अभिवृद्धि हुनु हो । फेरि जकात नष्किासित गर्नुमा एउटा अर्को वृद्धि पनि पाइन्छ, र त्यो हो ईमान र आस्थाको वृद्धि, किनकि जकात दिनु सत्कर्महरूमध्येको हो, र सत्कर्महरू मान्छेको ईमानमा अभिवृद्धि गर्दछन्, किनकि अहलुस्सुन्नह वल् जमाअहको यो आस्था छ कि सत्कर्महरू ईमानमध्येका हुन्, यसर्थ ईमानमा

सत्कर्मको वृद्धिले वृद्धि हुन्छ, र त्यसमा कमी हुनाले कमी हुन्छ ।

र यो जकात मान्छेको शिष्टाचार र नैतिकतामा पनि अभिवृद्धि गर्छ, किनकि जकात दिनु उपकार गर्नु हो, र उपकार गर्नु परोपकार र उदारतामाथि प्रमाणीकरण गर्दछ, र यस कुरामा कुनै सन्देह छैन कि परोपकार र उदारता सर्वोत्कृष्ट नैतिकतामध्येको हो, बरु यसद्वारा र यसको प्रभावले छाती विस्तृत र सन्तुलित हुन्छ, र यसद्वारा हृदय प्रकाशमान भई सन्तुष्टिको आभास गर्छ। र जुन व्यक्ति पनि यसको परीक्षण गर्न चाहन्छ त्यसलाई चाहियो कि दान गरेर यसको परीक्षण गरोस्, यसर्थ यस्तो गरे पश्चात स्वतः त्यो यसको राम्रो प्रभावबाट परिचित हुनेछ । त जकात जस्तो अनिवार्य कार्यलाई गरेर जुन लाभदायक प्रभाव सुदर्शित हुन्छ त्यसको त कुरै नगर्नुस् । किनकि यो जकात इस्लामका प्रमुख आधारहरूमध्ये एक हो, जसको कुरआनमा अधिकांश ठाउँमा नमाजको साथसाथै वर्णन आएको छ, त्यस नमाजको साथ जसलाई इस्लामको मूल मर्म भनिन्छ । र वास्तवमा यो जकात त्यो कसौटी हो जुन यस

कुरालाई स्पष्ट गर्छ कि कुन मान्छेलाई अल्लाहकहाँ भएको कुराहरूको कति प्रेम छ । किनकि माल र धन एवं सम्पत्ति मानिसहरूलाई अति प्रिय हुन्छ र कुनै प्रिय वस्तुलाई मान्छे तबसम्म खर्च गर्दैन जबसम्म त्यसलाई कुनै अरु राम्रो कुराको प्राप्तिको आशा नहोस् ।

र जकातका तत्वदर्शिता र हितहरू, र त्यसद्वारा ईमानमा वृद्धि हुने कुरा... आदि यस्ता कुराहरू हुन् जुन स्पष्ट कुरा हुन्, जुन मानिसहरू पनि यस विषयमा चिन्तन् मनन् गर्छन् उनीहरूलाई हामीले वर्णन गरेका कुराहरूभन्दा अधिक प्राप्त भइहाल्छ ।

## समाज र अर्थतन्त्रमाथि जकातको प्रभाव

प्रश्नः (११२) आदरणीय शैख ज्यू, हजुरले जकातको शाब्दिक र वैधानिक अर्थलाई वर्णन गर्नु भयो, र त्यसमा दुवैबीच संलग्नता र सम्बन्धलाई पनि वर्णन गर्नु भयो, अनि व्यक्तिमाथि त्यसको प्रभावलाई पनि वर्णन गर्नु भयो, त जब हामीले व्यक्तिमाथि यसको प्रभावलाई जानकारी गरें त हामी इस्लामीय

अर्थतन्त्र र समाजमाथि यसको प्रभावको पनि ज्ञान प्राप्त गर्न चाहन्छौं ?

उत्तरः समाज र इस्लामीय अर्थतन्त्रमाथि यसको प्रभाव पनि सुदर्शित नै छ, यसर्थ यसद्वारा गरिब असहाय मान्छेहरूको सहायता गरिन्छ, र जनसाधारणको हितमा खर्च गरिन्छ, जस्तो कि यो कुरो जकातलाई खर्च गर्ने निर्धारित ठाउँबाट स्पष्ट छ, अल्लाहको फर्मान छः

﴿ إِنَّمَا ٱلصَّدَقَٰتُ لِلۡفُقَرَآءِ وَٱلۡمَسَٰكِينِ وَٱلۡعَٰمِلِينَ عَلَيۡهَا وَٱلۡمُؤَلَّفَةِ قُلُوبُهُمۡ وَفِي ٱلرِّقَابِ وَٱلۡغَٰرِمِينَ وَفِي سَبِيلِ ٱللَّهِ وَٱبۡنِ ٱلسَّبِيلِۖ فَرِيضَةٗ مِّنَ ٱللَّهِۗ وَٱللَّهُ عَلِيمٌ حَكِيمٞ ٦٠ ﴾ التوبة: ٦٠

अर्थ : सद्‌क़ा (धर्मदाय) मात्र ग़रीब, र निमुखाहरूको निम्ति हुन्, र जो यस कामका लागि नियुक्त गरिएका हुन् र उनीहरूको लागि जसका हृदयलाई आकृष्ट गर्नु र रिझाउन अभिष्ट हुन्छ र

दासहरूलाई मुक्त गराउनमा र ऋणिहरूको ऋण तिर्नलाई र अल्लाहको बाटोमा र यात्रीहरूको सहायताको निम्ति । यो अल्लाहको तर्फबाट पठाइएको अनिवार्य आदेश हो । अल्लाह सबैकुरा जान्नेवाला, अत्यन्त तत्वदर्शी छ । (सूरतुत्तौबा ६०)

त उपरोक्तको उदधृतमा वर्णित आठौं थरी जसमध्ये केही आफ्नो आवश्यकतालाई पूर्ण गर्ने उद्देश्यले लिन्छन्, त केही यसलाई सर्वसाधारण मुसलमानहरूको आवश्यकता पूर्ति र हितमा खर्च गर्ने उद्देश्यले लन्छिन् । त गरिब असहाय र श्रृणी, र यात्रु एवं दास आफ्नो आवश्यकता पूर्ण गर्नुको लागि लिन्छन् । त अल्लाहको मार्गमा युद्ध गर्ने मान्छे र कर्जदार र जकात असूल गर्ने मान्छेहरू आर्काको आवश्यकता पूर्ण गर्नुको लागि लिन्छन् ।

त जब हामीलाई यो ज्ञान भयो कि यी थरीहरूमा जकातलाई वितरण गर्नुबाट केही मानिसहरूका आवश्यकता पूर्ति उद्देश्य हुन्छ, र यसद्वारा आम जनताको हितको कार्य पनि गरिन्छ त यसद्वारा

हामीलाई यो ज्ञान भयो कि यसद्वारा हाम्रो समाजको के कसरी हित हुन्छ ।

र अर्थतन्त्रमा यो यसरी लाभदायक हुन्छ कि यो जकात धनलाई अमीर गरिब दुवैबीच अंशित गर्छ, यसर्थ यस जकातलाई समृद्धबाट लिएर त्यसै समाज नगरमा भएका गरिब असहाय र निर्धनहरूमा वितरण गरिन्छ जसलेगर्दा यो धन एउटै मान्छेसित भंडारन हुँदैन, ताकि एउटा पक्ष समृद्धभन्दा समृद्ध हुँदै नजाओस् र अर्को पक्ष गरिबभन्दा गरिब नहुँदै जाओस् ।

र यसमा समाजको अत्याधिक हित नीहित छ किनकि यसद्वारा हृदयहरूलाई एकअर्कासित जोडिन्छ, यसर्थ जब गरिब असहायहरू यो हेर्छन् कि समृद्धहरू उनीहरूको मालद्वारा सहायता गर्दछन् र उनीहरूमाथि यस जकातद्वारा उपकार गर्छन्, र त्यसको बदलामा आभार प्रकट गर्नुको अभिलाषी पनि हुँदैनन्, अर्थात यसद्वारा उनीहरूको कुनै स्वार्थ अभीष्ट हुँदैन, किनकि यो उनीमाथि अल्लाहद्वारा अनिवार्य गरिएको छ, त निःसन्देह उनीहरू समृद्धहरूसित प्रेम गर्न थाल्दछन्, र उनीहरूको

मुखतिर हेर्दै रहन्छन्, र उनीहरूको इज्जत सम्मान गर्छन् । र यदि समृद्धहरू जकात निकाल्दैनन् र त्यस मालबाट जुन अल्लाहले उनीहरूलाई प्रदान गरेको छ गरिबहरूमाथि खर्च गर्दैनन्, त यो कुरो उनी र गरिबहरूबीच शत्रुता र ईर्ष्या र कपट आदिलाई उत्पन्न गर्छ, र यसैतिर अल्लाहले भनेको श्लोकको अन्तिम खण्ड संकेत गर्छ ( यो अल्लाहको तर्फबाट पठाइएको अनिवार्य आदेश हो । अल्लाह सबैकुरा जान्नेवाला, अत्यन्त तत्वदर्शी छ ।)

## जकात अनिवार्य हुनुका र्शतहरू

प्रश्नः (११३) आदरणीय शैख ज्यू, यदि हामीले जकात अनिवार्य हुने शर्तहरूको पनि ज्ञान प्राप्त गर्न पाएँ भने अति राम्रो हुने थियो ?

उत्तरः जकात अनिावार्य हुनुका शर्तहरू निम्न हुन्: मुसलमान हुनु, स्वतन्त्र हुनु, माल जकातको निर्धारित मात्रासम्म पुगिसकेको होस्, र एक वर्षको अवधि त्यस मालमाथि गुज्रनु, अन्नहरू बाहेक ।

त रह्यो कुरा (इस्लाम) मुसलमान हुनुको, त काफिरमाथि जकात अनिवार्य छैन, र यदि काफिरले जकात देओस् तै पनि त्यसबाट स्वीकृत हुँदैन, किनकि अल्लाहको फर्मान छः

﴿ وَمَا مَنَعَهُمْ أَن تُقْبَلَ مِنْهُمْ نَفَقَٰتُهُمْ إِلَّآ أَنَّهُمْ كَفَرُوا۟ بِٱللَّهِ وَبِرَسُولِهِۦ وَلَا يَأْتُونَ ٱلصَّلَوٰةَ إِلَّا وَهُمْ كُسَالَىٰ وَلَا يُنفِقُونَ إِلَّا وَهُمْ كَٰرِهُونَ ﴿٥٤﴾ ﴾

التوبة: ٥٤

अर्थ : उनीहरूको खर्च स्वीकार्य हुनमा यसबाहेक अरु कुनै कुरा बाधक छैन, कि उनीहरू अल्लाह र उसको रसूलको अवज्ञाकारी हुन् । र नमाज़मा धेरै अल्छी भएर आउँछन् र खर्च गर्नु पर्दापनि अनिच्छापूर्वक गर्दछन् । (सूरतुत्तौबा ५४)

तर हाम्रो यस कथनको अर्थ किः “ काफिरमाथि नत जकात अनिवार्य छ नत त्यसबाट कबूल नै गरिन्छ” यो हो कि त्यो परलोकमा पनि माफी पाउने छ, बरु

परलोकको जीवनमा यस सन्दर्भमा त्यसलाई सजाय दिइन्छ, जस्तो कि अल्लाहको फर्मान छ:

﴿ كُلُّ نَفْسٍ بِمَا كَسَبَتْ رَهِينَةٌ ﴿٣٨﴾ إِلَّآ أَصْحَـٰبَ ٱلْيَمِينِ ﴿٣٩﴾ فِي جَنَّـٰتٍ
يَتَسَآءَلُونَ ﴿٤٠﴾ عَنِ ٱلْمُجْرِمِينَ ﴿٤١﴾ مَا سَلَكَكُمْ فِي سَقَرَ ﴿٤٢﴾ قَالُوا۟ لَمْ نَكُ
مِنَ ٱلْمُصَلِّينَ ﴿٤٣﴾ وَلَمْ نَكُ نُطْعِمُ ٱلْمِسْكِينَ ﴿٤٤﴾ وَكُنَّا نَخُوضُ مَعَ
ٱلْخَآئِضِينَ ﴿٤٥﴾ وَكُنَّا نُكَذِّبُ بِيَوْمِ ٱلدِّينِ ﴿٤٦﴾ حَتَّىٰٓ أَتَىٰنَا ٱلْيَقِينُ ﴿٤٧﴾ ﴾

المدثر: ٣٨ - ٤٧

अर्थ: हरेक व्यक्ति आफ्नो कर्मको बदलामा धितो राखिएको छ । तर दायाँ हात वालाहरू । उनीहरू स्वर्गहरूमा बसेका हुनेछन् र प्रश्न गर्नेछन् । अपराधीहरू सँग, (कि) तिमीलाई कुन कुरोले नर्कमा ल्यायो ? उनीहरूले जवाफ दिनेछन् कि हामी नमाजी थिएनौं । र नत निमुखाहरूलाई ( मिस्कीनलाई) खाना खुवाउँथ्यौ, र हामीले विवाद गर्ने असत्यवादीहरूका साथमा मिलेर व्यस्त हुने गर्दथ्यौं । र बदलाको दिन (कियामत) लाई असत्य

ठहराउँथ्यौ। यहाँसम्म कि हामीलाई मृत्यु आइलाग्यो। (सूरतुल् मुद्दस्सिर ३८-४७)

त यो यस कुरामाथि प्रमाणीकरण गर्छ कि काफिरहरूलाई पनि इस्लामीय विधानलाई कार्यन्वयन नगर्नुमा यातना दिइन्छ।

र रह्यो कुरो स्वतन्त्रताको त दासको कुनै माल नै हुँदैन किनकि त्यसको समस्त माल त्यसको स्वामीको नै हुन्छ, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"من باع عبداً له مال ، فماله لبائعه إلا أن يشترط المبتاع"() أخرجه أبو داود ، كتاب الإجارة ، باب في العبد يباع وله مال ، رقم (3435)وفي إسناده مجهول وهو الراوي عن جابر رضي الله عنه ، ويشهد له بالصحة حديث ابن عمر رضي الله عنه مرفوعاً: " .. ومن ابتاع عبداً فماله للذي باعه إلا أن يشترط المبتاع". أخرجه البخاري ، كتاب المساقاة ، باب الرجل يكون له ممر أو

شرب في حائط أو في نخل ، رقم (2379)، ومسلم ، كتاب البيوع ، باب من باع نخلاً عليها ثمر ، رقم (1543)

अर्थः जसले कुनै यस्तो दासलाई विक्री गऱ्यो जससित माल छ त त्यस दासको माल त्यसको विक्री गर्ने स्वामीको हुन्छ यस अवस्था बाहेक कि खरिद गर्ने मान्छे यो शर्त लगाओस् कि त्यसको माल खरिद गर्ने मान्छेको लागि हुन्छ । (यसलाई अबू दाऊदले वर्णन गरेका छन् किताबुल् इजारह, बाबु फिल अब्दे युबाउ वलहू माल, हदीस नं. ३४३५, तर यस हदीसको सनदमा अपरिचित वर्णनकर्ता छ जसले जाबिर रजिअल्लाहो अन्होको माध्यमले वर्णन गरेको छ, तर यसलाई इब्ने उमरले वर्णन गरेको हदीस समर्थन गरिरहेको छ जसलाई उहाँले मरफूअन् वर्णन गरेका छन् किः“ जसले कुनै दासलाई विक्री गऱ्यो त त्यस दासको माल त्यसको विक्री गर्ने मान्छेको हुन्छ यस अवस्था बाहेक कि खरिद गर्ने मान्छे शर्त लगाओस्” । यस हदीसलाई बुखारीले वर्णन गरेका छन्, किताबुल मुसाकात,

बाबुर्रजुलि यकूनु लहु ममर्र अव शुरबुन् फि हाइतिन् अव फि नखलिन्, हदीस नं.२३७९, र मुस्लिम किताबुल् बुयूअ्, बाबु मन बाअ नखलन् अलैहा समरुन्, हदीस नं. १५४३)

त दासको कुनै माल नै हुँदैन कि त्यसमाथि जकात अनिवार्य होस् । र यदि यो कल्पना पनि गरियोस् कि दाससित माल छ वा त्यसलाई कुनै मालको मालिक बनाइएको छ भने अन्त्यमा त्यस मालको स्वामी त्यसको स्वामी नै हुन्छ, किनकि त्यसको स्वामीलाई यो अख्तियार छ कि जुन त्यस दासको स्वामित्वमा होस् त्यसलाई लेओस्, त यस्तो अवस्थामा यो प्रष्ट हुन्छ कि दासको स्वामित्व स्थाई छैन जसरी कि स्वतन्त्रता मानिसहरूको हुन्छ ।

र रह्यो (नेसाब) जकातको निर्धारित मात्राको मालिक हुने कुराको, त यसको अर्थ यो हो कि मान्छेसित यति माल होस् जुन त्यस मात्रासम्म पुगोस् जसलाई इस्लामीय विधानले जकात निष्कासित गर्नुको लागि तोकेको छ, र यो मात्रा मालको भिन्नताको साथ भिन्न भइहाल्छ, र यदि मान्छेको माल त्यस ममत्रासम्म पुगिरहेको छैन भने

त्यसमाथि जकात अनिवार्य हुँदैन, किनकि त्यसको माल यति कम छ जसद्वारा त्यो अरुमाथि उपकार गर्नुमा सूक्ष्म छैन । र यो नेसाब निर्धारित मात्रा मालको थरी बमोजिम भिन्न भइहाल्छ यसर्थ जनावरको लागि एक निर्धारित मात्रा छ, यस्तै त्यस बाहेकका मालहरूको लागि निर्धारित मात्रा इस्लामीय विधानद्वारा तोकिएको छ कि कति मालदेखि जकात दिनु अनिवार्य हुन्छ, र कतिसम्म दिनु पर्छ... आदि ।

र रह्यो कुरो एक वर्ष गुज्रनुको : त एक वर्षभन्दा कम अवधि भित्रै जकात अनिवार्य गर्नुले समृद्धहरूमा कठोरता उत्पन्न गर्नु सरह छ, र यसलाई एक वर्षभन्दा अधिक अवधिमा अनिवार्य गर्नुले गरिबहरूलाई हानि पुऱ्याउनु सरह छ । यसर्थ विधानको तत्वदर्शिता यसै कुरामा थियो कि यसको लागि एक वर्ष निर्धारित गरोस् ताकि त्यसद्वारा समृद्ध र गरिब दुवैका हकलाई सुरक्षित गरोस् । यसलेगर्दा यदि एक वर्ष पुग्नुभन्दा अघि नै यदि मान्छेको मृत्यु भइहाल्छ वा त्यसको माल नष्ट भइहाल्छ भने त्यसमाथि जकात अनिवार्य हुँदैन । तर

वर्ष बित्नुको शर्त तीन कुरामाथि अर्थात तीन प्रकारका मालहरूमाथि लागू हुन्छः व्यापार व्यवसायको नाफामा, र जनावरको नवजात बच्चामा, र अन्नहरूमा । त रह्यो कुरो व्यापारको नाफाकोः त त्यसको लागि एक वर्ष त्यो नै हो जुन व्यवसायको मूल मालको हो । र यस्तै जनावरको नवजात बच्चाको एक वर्ष त्यसको आमाको एक वर्ष नै हो । र अन्नको एक वर्ष त्यसलाई प्राप्त गर्नु नै हो ।

व्यवसायको नाफाको उदाहरणः कुनै मान्छे कुनै वस्तुलाई दश हजारमा किन्यो, अनि एक वर्ष पूर्ण हुनुभन्दा एक महिना अघि नै त्यस वस्तुको मूल्यमा एक्कासी वृद्धि भइहाल्छ, वा त्यसलाई त्यसको मूल्यको आधा जति नाफा मिल्छ भने त्यसमाथि अनिवार्य छ कि त्यो मूल मालको साथै त्यस नाफाको पनि जकात निकालोस् जसमाथि अहिले पूर्ण वर्ष बितेको छैन, किनकि यो त्यस मूल मालको अंश हो, र त्यसैसित संलग्न छ, र संलग्न भएको कुरा मूल माल अधीन हुन्छ ।

र रह्यो कुरो जनावरको नवजात बच्चाको : त यसको उदाहरण यो हो कि यदि कुनै मान्छेसित जनावर छन् अनि वर्ष भित्रै जनावरले बच्चा दियो, त जब जकात निष्कासित गर्ने एक वर्ष पूर्ण होस्, त त्यसको आमाको साथै त्यस बच्चाको जकात पनि निष्कासित गरिन्छ, यद्यपि त्यसमाथि एक वर्षको अवधि बितेको छैन, किनकि बच्चा आफ्नो आमासित संलग्न हुन्छ, त त्यसको आमाको हुकुम त्यसमाथि पनि लागू हुन्छ ।

र रह्यो कुरो अन्न र उब्जनको : त त्यसको निर्धारित समय हो त्यसलाई टिप्नु वा काट्नु, जसरी अंगूर, खजूर र अन्य फलफूलहरू, त जब त्यसलाई काटियोस् वा टिपियोस् त्यसै समय त्यसको जकात निकाल्नु पर्छ, र यस्तै खेतीको पनि जकात त्यसलाई काट्ने समय निकाल्नु पर्छ, अर्थात काटेर सफा गरे पश्चात त्यसको जकात निकाल्नु पर्छ चाहे त्यसमाथि एक वर्ष बितेको होस् वा नबितेको होस्, त्यसको जकात दिने समय त्यसलाई काटेर सफा गर्नु नै हो, किनकि अल्लाहको फर्मान छः

﴿ وَءَاتُوا۟ حَقَّهُۥ يَوْمَ حَصَادِهِۦ ﴾ الأنعام: ١٤١

अर्थः र जुन दिन ती फल टिपिन्छ वा काटिन्छ तिनीहरूको भाग (दान) पनि दिनु... । (सूरतुल् अन्आम १४१)

त यी तीनवटै थरीहरू वर्ष बित्ने बन्देजबाट विरक्त छन् जकात दिने र जकात निष्कासित गर्ने समयको कुरामा ।

## के दासको मालमा जकात अनिवार्य छ ?

प्रश्नः (११४) आदरणीय शैख ज्यू, तपाईले यो वर्णन गर्नु भयो कि जकात अनिवार्य हुनुका शर्तहरू के के हुन् र त्यसमा यो पनि वर्णन गर्नु भयो कि अनिवार्यतया मालको मालिक स्वतन्त्र होस्, र यो पनि वर्णन गर्नु भयो कि दासमाथि जकात अनिवार्य छैन, र त्यसको माल त्यसको स्वामीको हो, तर प्रश्न यो छ कि यदि दासको माल छ भने के

## त्यसको मालको जकात त्यसको स्वामी निष्कासित गर्छ वा त्यसको मालबाट जकात लिइन्छ ?

उत्तर: जुन दासको माल त्यसको मालिकको पासमा छ त्यसको जकात त्यसको मालिक नै दिन्छ किनकि अघि नै वर्णन गरिसकेका छौं कि रसूल सलल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ:

"من باع عبداً له مال ، فماله لبائعه إلا أن يشترط المبتاع"() أخرجه أبو داود ، كتاب الإجارة ، باب في العبد يباع وله مال ، رقم (3435)وفي إسناده مجهول وهو الراوي عن جابر رضي الله عنه ، ويشهد له بالصحة حديث ابن عمر رضي الله عنه مرفوعاً: ".. ومن ابتاع عبداً فماله للذي باعه إلا أن يشترط المبتاع". أخرجه البخاري ، كتاب المساقاة ، باب الرجل يكون له ممر أو شرب في حائط أو في نخل ، رقم (2379)، ومسلم ،

كتاب البيوع ، باب من باع نخلاً عليها ثمر ، رقم (1543)

अर्थ: जसले कुनै यस्तो दासलाई विक्री गऱ्यो जससित माल छ त त्यस दासको माल त्यसको विक्री गर्ने स्वामीको हुन्छ यस अवस्था बाहेक कि खरिद गर्ने मान्छे यो शर्त लगाओस् कि त्यसको माल खरिद गर्ने मान्छेको लागि हुन्छ । (यसलाई अबू दाऊदले वर्णन गरेका छन् किताबुल् इजारह, बाबु फिल अब्दे युबाउ वलहू माल, हदीस नं. ३४३५, तर यस हदीसको सनदमा अपरिचित वर्णनकर्ता छ जसले जाबिर रजिअल्लाहो अन्होको माध्यमले वर्णन गरेको छ, तर यसलाई इब्ने उमरले वर्णन गरेको हदीस समर्थन गरिरहेको छ जसलाई उहाँले मरफूअन् वर्णन गरेका छन् कि:" जसले कुनै दासलाई विक्री गऱ्यो त त्यस दासको माल त्यसको विक्री गर्ने मान्छेको हुन्छ यस अवस्था बाहेक कि खरिद गर्ने मान्छे शर्त लगाओस्" । यस हदीसलाई बुखारीले वर्णन गरेका छन्, किताबुल मुसाकात, बाबुर्रजुलि यकूनु लहु ममर्र अव शुरबुन् फि हाइतिन्

अब फि नखलिन्, हदीस नं.२३७९, र मुस्लिम किताबुल् बुयूअ्, बाबु मन बाअ नखलन् अलैहा समरुन्, हदीस नं. १५४३)

त यस हदीस बमोजिम त्यस मालको जकात त्यसको स्वामी नै निष्कासित गर्छ, र दासमाथि केही छैन, तर त्यसको मालको जकात निष्कासित गरिन्छ त्यसको स्वामीद्वारा, र यस मालबाट जकातको अनिवार्यता स्थगित हुनेवाला छैन ।

## मालका जुन थरीहरूमा जकात अनिवार्य हुन्छ र प्रत्येक थरीमा जकातको निर्धारित मात्राको वर्णन

प्रश्नः (११५) आदरणीय शैख ज्यू, मालका कुन कुन थरीहरूमा जकात अनिवार्य हुन्छ, र कति मात्रामा जकात अनिवार्य हुन्छ ?

उत्तरः जुन जुन मालमा जकात अनिवार्य हुन्छ ती यी हुन्:

(१) सुन चाँदी: सुन र चाँदीमा समस्त मुसलमानहरूको सर्वसहमतिको साथ जकात अनिवार्य छ, किनकि अल्लाहको फर्मान छः

﴿ ۞ يَـٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِنَّ كَثِيرًا مِّنَ ٱلۡأَحۡبَارِ وَٱلرُّهۡبَانِ لَيَأۡكُلُونَ أَمۡوَٰلَ ٱلنَّاسِ بِٱلۡبَٰطِلِ وَيَصُدُّونَ عَن سَبِيلِ ٱللَّهِۗ وَٱلَّذِينَ يَكۡنِزُونَ ٱلذَّهَبَ وَٱلۡفِضَّةَ وَلَا يُنفِقُونَهَا فِي سَبِيلِ ٱللَّهِ فَبَشِّرۡهُم بِعَذَابٍ أَلِيمٖ ٣٤ يَوۡمَ يُحۡمَىٰ عَلَيۡهَا فِي نَارِ جَهَنَّمَ فَتُكۡوَىٰ بِهَا جِبَاهُهُمۡ وَجُنُوبُهُمۡ وَظُهُورُهُمۡۖ هَٰذَا مَا كَنَزۡتُمۡ لِأَنفُسِكُمۡ فَذُوقُواْ مَا كُنتُمۡ تَكۡنِزُونَ ٣٥ ﴾ التوبة: ٣٤ - ٣٥

अर्थ : हे ईमानवालाहरू ! नि:सन्देह अनेक धर्मज्ञाता र उपासकहरू यस्ता छन्, जसले मानिसहरूको माल अनुचित रूपमा खाँदछन्, र अल्लाहको मार्गबाट रोक्दछन्, र जसले सुन चाँदीका खजाना ( एकत्र) गरिराख्दछन् । र अल्लाहको मार्गमा खर्च

गर्दैनन्, त उनीहरूलाई कष्टदायक यातनाको समाचार पुऱ्याइदिनुस् । जुन दिन त्यस सम्पत्तिलाई नर्कको आगोमा तताईन्छ अनि त्यसले उनीहरूका निधार र कोखा र पिठ्यूहरू डामिन्छन् (र भनिनेछ) : "यहि हो जुन तिमीले आफ्नो निम्ति खजाना बनाएर राखेका थियौ त आफ्ना खजानाहरूको स्वाद चाख ।" (सूरतुत्तौबः ३३, ३४)

र सुन चाँदीमा कन्ज (खजाना) त्यसलाई भनिन्छ जुन सुन चाँदीको अनिवार्य जकात निष्कासित नगरिएको होस्, चाहे त्यो धरती मुनि होस् वा धरतीमाथि, र यदि मान्छे त्यसको निर्धारित जकात निष्कासित गर्दै रहन्छ त त्यसलाई कन्ज (खजाना) भनिदैन, चाहे त्यसलाई धरती मुनि किन नगाडियोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको कथन छ जसलाई इमाम मुस्लिमले हजरत अबू हुरैरहको माध्यमले वर्णन गरेका छन् कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

" ما من صاحب ذهب ولا فضة لا يؤدي منها حقها إلا إذا كان يوم القيامة صفحت له صفائح من نار، وأحمي عليها في نار جهنم ، فيكوى بها جنبه وجبينه وظهره ، كلما بردت أعيدت له، في يوم كان مقداره خمسين ألف سنة، حتى يقضى بين العباد، فيرى سبيله إما إلى الجنة وإما إلى النار" أخرجه مسلم ، كتاب الزكاة، باب إثم مانع الزكاة ، رقم (987).

अर्थ: जुन सुकै मानिस जुनकि सुन चाँदीको मालिक छ, अनि त्यसको जकात निष्कासित गर्दैन, त प्रलयको दिन त्यसको त्यस माललाई जहन्नमको आगोमा तताइन्छ अनि त्यसैद्वारा त्यसको निधार, कोल्टे, र पिठ्युँलाई दागिन्छ, र जहिले पनि त्यो शीतल हुन लाग्छ त्यसलाई पचास हजार साल जतिको अवधिको लागि तताइन्छ, र यस्तै तबसम्म गरिन्छ जबसम्म भक्तहरूबीच फैसला गरिदैन, अनि

त्यो याता स्वर्गको बाटो लाग्दछ वा नर्कमा जान्छ । ( मुस्लिम, किताबुज्जकात, बाबु इस्मे मानेइज्जकात, हदीस नं. ९८७)

र सुन चाँदीमा जकात अनिवार्य छ चाहे त्यो जुन सुकै आकारमा किन नहोस् अर्थात चाहे अशरफी, मुद्रा, रुपैयाँ र दिनारको रूपमा होस्, वा सुनको टुक्राको रूपमा होस्, वा चाँदीको टुक्राको रूपमा होस्, वा अभूषणको रूपमा होस् । चाहे त्यसलाई प्रयोग गरियोस् वा नगरियोस् यसबारे सामान्य प्रमाण हुनुको कारण, र रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथनको कारण जब एउटी महिला आफ्नो एउटी बालिकाको साथमा आई जुन बालिकाको हातमा सुनका दुई मोटा कडाहरू ( कंगन) थिए, त त्यस महिलासित रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"أتؤدين زكاة هذا ؟" قالت : لا . قال : " أيسرك أن يسورك الله بهما سوارين من نار". فخلعتهما وألقتهما إلى النبي صلى الله عليه وسلم ، وقالت :

هما لله ورسوله. أخرجه أبو داود ، كتاب الزكاة ، باب الكنز ما هو وزكاة الحلي ، رقم (1563)، والترمذي ، كتاب الزكاة، باب ما جاء في زكاة الحلي، رقم (637)، والنسائي كتاب الزكاة ، باب زكاة الحلي ، رقم (2479)، والحاكم في المستدرك" (390/1) وقال : حديث صحيح.

अर्थः के तिमी यसको जकात दिन्छौ ? त त्यस महिलाले भन्योः म त यसको जकात दिदैन, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः के तिमीलाई यो कुरो प्रसन्न पार्छ कि अल्लाह यी दुवै कंगनको सट्टामा आगोको कंगन लगाउन देउन्, त त्यसले ती दुवै कंगनलाई निकालेर नबी सल्लल्लाहो अलैहे वसल्लम समक्ष राख्दै भनिः यो अल्लाह र अल्लाहका रसूलको लागि हो । (यसलाई अबू दाऊदले वर्णन गर्नु भएको छ, किताबुज्जकात, बाबुल् कन्जे मा हुवा वजकातुल् हुलिए, हदीस नं. १५६३ । र तिर्मिजी, किताबुज्जकात, बाबु मा जाअ

फि जकातिल हुलिइ, हदीस नं. ६३७ । र नेसाई किताबुज्जकात, बाबु जकातिल हुलिइ, हदीस नं. २४७९ । र हाकिमले मुस्तदरकको १/३९० मा वर्णन गर्नु भएको छ, र भन्नु भएको छ कि: यो हदीस सही छ)

त यो उदधृत यस कुराको स्पष्ट प्रमाण हो कि अभूषणमा पनि जकात अनिवार्य छ चाहे त्यसलाई प्रयोग किन नगरियोस् । र यहाँ रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस बालिकाको आमालाई सम्बोधित गरे किनकि त्यो नै त्यस बालिकाको सरपरस्त थियो ।

र अभूषणको बारेमा विद्हरूको मतभेद छ कि त्यसमा जकात छ कि छैन, र यसबारे सही कुरो त्यो नै हो जसतिर हामीले ध्यानाकर्षण गराएँ, किनकि यसबारे हदीसहरू आम छन्, र यस विषय अन्तर्गत विशिष्ट हदीसहरू वर्णित छन् ती पनि ठीक नै छन् जसद्वारा प्रमाण लिन सकिन्छ । र असल कुरो यो नै हो कि सुन र चाँदीमा सामान्य रूपले जकात अनिवार्य छ यहाँसम्म कि कुनै यस्तो

प्रमाण प्रस्तुत गरियोस् जुन अभूषणमा जकात अनिवार्य नहुनुमा प्रमाणीकरण गरोस् ।

र सुन चाँदीमा जकात निष्कासित गर्ने मात्रा "रुबउल उश्र हो" अर्थात चालीस भागको एउटा भाग जकातमा निष्कासित गरिन्छ । र यसलाई निष्कासित गर्ने तरिका यो हो कि कुल सुन अथवा चाँदीलाई चालिसद्वारा भाग गरियोस्, र भाग गरे पश्चात जुन हासिल निस्कन्छ त्यो नै जकातमा दिइन्छ, अर्थात यदि मान्छेको पासमा चालिस हजार चाँदीको मुद्रा छ वा चालिस हजार दिरहम छ त ४० लाई ४० द्वारा भाग गरोस् अनि हासिल १००० आउँछ, त यो नै त्यसको जकात हो ।

र यस्तै यदि त्यससित चालिस दिनार (सुनको अशरफी) छ त यसलाई चालिसद्वारा भागगर्दा हासिल एक आउँछ, त यो नै त्यसको जकात हो, अर्थात एक दिरहम । त यस्तै अरु समस्त सुन चाँदीमा चाहे त्यो अधिक होस् वा कम यस शर्तको साथ कि त्यो (नेसाब) जकात निष्कासित गर्ने निर्धारित मात्रासम्म पुगोस् ।

र सुनको त्यो निर्धारित नेसाब (मात्रा) जति पुगे पश्चात सुनमा जकात अनिवार्य हुन्छ ८५ ग्राम हो। () जुन पौने ग्यारह जनेह हुन्छ सउदी सुनको मुद्रामा । त जब सुन यति तौलसम्म पुगोस् त त्यसमा जकात अनिवार्य भइहाल्छ, तर यदि ८५ ग्रामभन्दा कम छ भने त्यसमा जकात छैन ।

र रह्यो चाँदीको कुरो त त्यसको एक सय चालिस मिसकाल अर्थात ५९५ ग्राम जति तौल भएमा त्यसमा जकात अनिवार्य हुन्छ, र चाँदीको मुद्रा छ भने त यदि सउदीको ५६ चाँदीको मुद्रा छ भने त्यसमा जकात अनिवार्य छ । त जब मान्छेसित ५९५ ग्राम जति तौलको चाँदी भइहालोस् त त्यसमा जकात अनिवार्य हुन्छ, र यदि यसभन्दा कम छ भने त्यसमा जकात अनिवार्य छैन ।

र विद्हरूको केही कथन बमोजिम सुनलाई चाँदीसित मिलाएर जकात लिइन्न, नत चाँदीलाई सुनसित मिलाएर त्यसको नेसाब पूर्ण गरिन्छ, बरु

तर शैख इब्ने बाजको भनाइ अनुसार सुनको नेसाब हो ९२ ग्राम । (फतावा इब्ने बाज)

दुवै अलग अलग थरी हुन् र दुवैलाई अलग नै राखिन्छ, दुवैलाई एकमा मलिाएर नेसाब पूर्ण गरिन्न यद्यापि दुवैको उद्देश्य एउटै हुन्छ तै पनि दुवैलाई एकमा मिलाएर जकात दिइन्न, किनकि अल्लाहले दुवैलाई भिन्न भिन्न वर्णन गरेको छ, र दुवैको भिन्न नेसाब तोकेको छ, त यो यस कुराको प्रमाण हो कि त्यसभन्दा कम भएमा ती दुवैमा जकात अनिवार्य हुँदैन । र रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट यो प्रमाणित छैन कि नेसाबलाई पूर्ण गर्नुको लागि उहाँले सुन र चाँदीलाई एउटैमा मिलाएका होउन् । र जसरी गहूँ र जौलाई नेसाबलाई पूर्ण गर्नुको लागि एकअर्कासित मिलाइदैन जबकि दुवैको उद्देश्य एउटै हो, अर्थात पिठो आदि खानु, उस्तै सुन र चाँदीलाई पनि एउटैमा मिलाइदैन यद्यापि दुवैको उद्देश्य एउटै हो (अर्थात अभूषण लगाउनु, श्रृंगार गर्नु) ।

यसर्थ यदि मान्छेको पास जकात अनिवार्य हुने निर्धारित मात्राको आधा सुन होस् र आधासम्म पुगेको चाँदी त त्यसमाथि जकात अनिवार्य छैन नत सुनमा नत चाँदीमा, किनकि दुवैलाई मिलाएर नेसाब पूर्ण गरिन्न ।

र सुन चाँदीसित संलग्न गरिन्छ वर्तमानमा प्रचलित मुद्राहरू पनि, त यदि मान्छेसित यति मुद्रा होस् जुन सुन अथवा चाँदीको नेसाबको मूल्य जति पुगोस् त त्यस मुद्रामा पनि जकात अनिवार्य भइहाल्छ, किनकि यो नगदी हो व्यवसायिक कुराहरूसित संलग्न हुँदैन, किनकि यसैद्वारा सरसामानको अनुमान गरिन्छ र त्यसको मूल्य निर्धारित गरिन्छ, र यो नै लेनदेनको माध्यम पनि हो समस्त मानिसिहरूबीच । त यो त्यसै दिनार दिरहम सरह छ जसद्वारा विगतमा लेनदेन गरिन्थ्यो, नकि व्यवसायिक कुराहरूसित संलग्न छ जस्तो कि केही मानिसहरूको विचार छ ।

र यो पनि ज्ञात रहोस् कि सुन चाँदीमा जकात अनिवार्य छ यद्यापि त्यसलाई मान्छे आफ्नो आवश्यकताहरूको लागि भण्डारन गरेर राखेको होस्, त यदि मान्छे आफ्नो पासमा दश हजार दिरहम (चाँदीको मुद्रा) घर किन्नुको लागि राखेको छ त यसमा पनि जकात अनिवार्य हुन्छ चाहे यो दिरहम त्यसको पासमा कैयौं वर्षसम्म भण्डारन किन नरहोस्, अर्थात प्रत्येक वर्ष यसको जकात

निष्कासित गर्नु पर्छ । र यस्तै यदि कसैले विवाह गर्नुको लागि त्यसलाई डिपाजिट गरेर राखेको छ त यसमा पनि जकात निष्कासित गर्नु पर्छ चाहे एक वर्षभन्दा अधिक किन न त्यसलाई राखोस् ।

भनाईको सार यो कि सुन र चाँदीमा जकात अनिवार्य छ त जकात निष्कासित गर्नु प्रत्येक अवस्थामा जरुरी छ, र जुन केही मानिसहरू यस भ्रममा छन् कि यदि दरिहमलाई खर्चको लागि वा विवाहको लागि वा कुनै अरु आवश्यकताको लागि बचाएर राखिएको होस् त त्यसमा जकात छैन, त यो मात्र गलत धारणा नै हो जसको कुनै प्रमाण छैन नत कुरआनबाट, नत हदीसबाट, नत विद्हरूको कथनबाट । र यो व्यवसायिक कुराहरूबाट भिन्न छ किनकि वास्तवमा व्यवसायिक कुराहरूमा यो शर्त छ कि त्यो त्यसद्वारा व्यवसायको नीयत गरेको छ कि छैन, तर सुन र चाँदीमा यस्तो कुनै शर्त छैन, बरु यसमा प्रत्येक अवस्थामा जकात अनिवार्य हुन्छ । र सुन चाँदी ती मालहरूमध्ये एक हो जसमा जकात अनिवार्य हुन्छ ।

(२) धरतीबाट उब्जने अन्न र फलफूल: अल्लाहको यस फर्मान बमोजिम:

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ أَنفِقُواْ مِن طَيِّبَٰتِ مَا كَسَبۡتُمۡ وَمِمَّآ أَخۡرَجۡنَا لَكُم مِّنَ ٱلۡأَرۡضِۖ ﴾ البقرة: ٢٦٧

अर्थ : मोमिनहरू हो ! जुन पवित्र, राम्रो कुरा तिमीले कमाउँछौ र जुन कुरा हामीले तिम्रा निम्ति पृथ्वीबाट उब्जाउँछौं, त्यसबाट (धर्म मार्गमा) खर्च गर । (सूरतुल् बकर: २६७)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथनले गर्दा:

" فيما سقت السماء العشر، وفيما سقي بالنضح نصف العشر"[1] أخرجه البخاري ، كتاب الزكاة ، باب العشر فيما يسقى من ماء السماء ، رقم (1483).

अर्थ : जुन उब्जन आकाशको पानीले पैदा हुन्छ त्यसमा उश्र अर्थात दशौं भाग जकात छ, र जसलाई पानी तानेर सिँचाइ गरिएको छ त्यसमा निस्फे उश्र अर्थात बिसौं भाग जकात छ । ( यसलाई बुखारीले वर्णन गरेका छन्, किताबुज्जकात, बाबुल् उश्रि फिमा यसकि मिन माइस्समा, हदीस नं. १४८३)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथनले गर्दा:

" ليس فيما دون خمسة أوسق صدقة"() أخرجه البخاري، كتاب الزكاة، باب زكاة الورق، ومسلم، كتاب الزكاة ، باب ما ليس فيما دون خمسة أوسق صدقة، رقم(979).

अर्थ : पाँच वसकभन्दा कम अनाजमा जकात छैन । ( यसलाई बुखारीले वर्णन गरेका छन्, किताबुज्जकात, बाबु जकातिल वरक । र मुस्लिम,

किताबुज्जकात, बाबु मा लैसा फिमा दूना खम्सति अवसकिन् सदकह, हदीस नं. ९७९)

त धरतीबाट उब्जने अन्नहरूमध्ये जसरी जौ, मकई, धान आदिमा जकात अनिवार्य छ । र यस्तै धरतीबाट पैदा हुने फल फूल जसरी खजूर, अंगूर, किशमिश... आदिमा जकात छ । र त्यो अंगूर जसबाट किशमिश बनाइन्छ त्यसमा जकात अनिवार्य हुनुबारे विद्‌हरूको मतभेद छ, किनकि त्यो फल र सब्जीसित सम्बंधित छ जसरी स्याउ र सुन्तला जसमा जकात छैन । र केही विद्‌हरूको भनाई छ कि अंगूरमा जकात छ किनकि वास्तवमा त्यसबाट किशमिश बनाइन्छ, त यो खजूर जस्तो फलसित संलग्न छ जसमा जकात अनिवार्य छ । तर सावधानीले गर्दा त्यसबाट पनि जकात निकाल्नु अति उचित छ । र यस बाहेक जुन फलफूल र सब्जीहरू र सागपातहरू छन् जसलाई नत माप गरिन्छ नत भण्डारन गरिन्छ चाहे जति थरीका होउन ती समस्तमा जकात अनिवार्य छैन, चाहे ती फलफूल र साग सब्जीहरू अति थुप्रै किन नहोउन् ।

त उपरोक्तमा वर्णित ती फलफूल र अन्नहरू जसमा जकात छ त्सको जकात निकाल्ने निर्धारित मात्रा हो दशौं भाग यदि त्यो अन्न अथवा फल बिना कुनै परिश्रम र खर्च पैदा हुन्छ, अर्थात आकाशको पानीले वा धरतीको शीतलताले पैदा भएका कुराहरूमा वा आफै नहर नालाको पानीले पैदा भएको कुराहरूमा । तर यदि खर्च गरेर त्यसको सिंचाई गरिएको छ जसरी मशिन लगाएर त्यसको सिँचाई गरिएको छ त त्यसमा कुल अन्नको बीसौं भाग जकातमा दिनु पर्छ । र बीसौं भागको अर्थ हो एक सयमा पाँच, जसरी यदि यस्तो खेती छ जसमा बिना खर्च गरिकन् आकाश्य पानीले पाँच हजार सेई पैदा भएको छ भने यसमा पाँच सय सेई जकात हुन्छ । र यदि त्यसको सिँचाई मशिनद्वारा गरिएको छ भने त्यसमा जकात २५० सेई मात्र दिनु पर्छ, र यस्तै अरुको बारेमा पनि बुझिहाल्नुस् । तर फल एवं अन्नमा जकात तबसम्म अनिवार्य हुँदैन जबसम्म त्यो नेसाब (जकातको लागि तोकिएको निर्धारित मात्रा) सम्म नपुगोस् । र अन्न र फलफूलको नेसाब पाँच वसक हो । र एक वसक

साठी ६० साअ्को हुन्छ नबी सल्लल्लाहो अलैहे वसल्लमको साअ्ले । त पूरा साअ (सेई) ३०० साअ हुन्छ । त यदि यसभन्दा कम अन्न वा फलफूल होस् भने त्यसमा जकात छैन, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" ليس فيما دون خمسة أوسق صدقة")[1] أخرجه البخاري، كتاب الزكاة، باب زكاة الورق، ومسلم، كتاب الزكاة ، باب ما ليس فيما دون خمسة أوسق صدقة، رقم(979).

अर्थ : पाँच वसकभन्दा कम अनाजमा जकात छैन । ( यसलाई बुखारीले वर्णन गरेका छन्, किताबुज्जकात, बाबु जकातिल वरक । र मुस्लिम, किताबुज्जकात, बाबु मा लैसा फिमा दूना खम्सति अवसकिन् सदकह, हदीस नं. ९७९)

## साग सब्जी र फलफूललाई विक्री गरे पश्चात जकात

प्रश्न: (११६) आदरणीय शैख ज्यू, जुन फलफूल र साग सब्जीमा जकात छैन के जब त्यसलाई मान्छे विक्री गर्छ त त्यसबाट मिलेको रुपैयाँमा जकात छ ?

उत्तर: यस्ता खालका फलफूल र साग सब्जीमा त जकात छैन तर जब मान्छे त्यसलाई विक्री गर्छ त त्यसको त्यस विक्री गरेको पैसामा जकात छ जब त्यो पैसा त्यस मान्छेसित एक वर्षसम्म रहोस् । र यदि त्यसलाई गाडी वा कपडाद्वारा साटेर विक्री गरेको छ, अर्थात साग सब्जी दिएर कपडा गाडी आदि लिन्छ त यसमा जकात छैन जबकि यसद्वारा व्यवसाय गर्ने नीयत नहोस् । तर यदि यसद्वारा त्यसको मनसाय व्यवसाय गर्नु हो त त्यसमा जकात अनिवार्य हुन्छ र यो व्यवसाय अन्तर्गत आउँछ जसबारे विस्तृत कुरा हामी अगाडि गर्नेछौं ।

## र अरु ती मालका थरीहरू जसमा जकात अनिवार्य हुन्छ

ती मालहरू जसमा जकात अनिवार्य हुन्छ ( बहीमतुल अन्आम) अर्थात निम्न जनावरहरूमा पनि

जकात छ: ऊँट, गाई, बाख्रा । तर यसमा जकात अनिवार्य हुनुका दुई शर्तहरू छन्:

**पहिलो शर्त:** यो कि त्यसलाई दूध खाने र त्यसको नस्लमा बढोत्तरी गर्ने उद्देश्यले पालियोस्, र खरिद बिक्री गर्ने उद्देश्य नहोस् ।

**दोस्रो शर्त:** यो कि जनावर पूर्ण साल वा सालको अधिकांश दिनहरूमा चरेर आफ्नो पेट भरोस् । त यदि जनावर दूध आदि खाने उद्देश्यले पालिएको छैन बरु व्यापार गर्नुको लागि पालिएको छ भने त्यसमा व्यापारको जकात लाग्ने छ जसको विवरण अगाडि आउँछ । र यदि दूध दही खाने उद्देश्यले त्यसलाई पालिएको छ तर त्यसलाई चारा दिनु पर्छ छुटेर चर्दैन भने त्यसमा पनि जकात छैन ।

यसर्थ यदि कुनै किसानको पासमा २० ऊँट छन् र त्यसको उद्देश्य दूध खानु र ऊँटहरूको संख्या बढाउनु होस् तर तिनीहरूलाई चारा खुवाउँछ उनी चरेर खाँदैनन् भने यसमा जकात छैन चाहे त्यो पूर्ण साल चारा नखुवाओस्, बरु सालको अधिकांश दिनहरूमा मात्र चारा खुवाओस् । किनकि हजरत

अनस बिन मालिकको हदीसमा छ जसलाई हजरत अबू बक्र सिद्दीकले जकातको सम्बंधमा लेखेका थिए त्यस आदेशलाई जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले हुकुम गरेका थिए कि:

"في الغنم في سائمتها"() أخرجه البخاري، كتاب الزكاة، باب زكاة الغنم، رقم (1454).

अर्थ : चरेर पेट भर्ने बाखामा जकात छ। ( यसलाई बुखारीले वर्णन गरेका छन्, किताबुज्जकात, बाबु जकातिल गनम, हदीस नं. १४५४)

र बहज बिन हकीमको हदीसमा छ जसलाई उहाँले आफ्नो बुवा र बाजेको माध्यमले वर्णन गरेका छन् कि:

" في الإبل في سائمتها"() أخرجه أبو داود، كتاب الزكاة، باب زكاة السائمة، رقم (1575)، والنسائي، كتاب الزكاة، باب سقوط الزكاة عن الإبل إذا كانت رسلاً لأهلها ولحمولتهم، رقم (2449).

अर्थ : चरेर पेट भर्ने ऊँटमा जकात छ। ( यसलाई अबू दाऊदले वर्णन गरेका छन्, किताबुज्जकात, बाबु जकातिस्साइमा, हदीस नं. १५७५ । र नेसाई, किताबुज्जकात, बाबु सुकूतिज्जकाते अनिल् इबिले इजा कानत् रसलन् लेअहलिहा वलेहुमूलतिहिम, हदीस नं. २४४९)

त यो यस कुरामा प्रमाणीकरण गर्छ कि चरेर पेट नभर्ने जनावरमा जकात छैन, र यो नै सत्य कुरो हो ।

र रह्यो जनावरहरूमा जकातको मात्राको, त जनावरहरूको विविधताको हिसाबले तोकिन्छ किनकि विधानले यसरी नै तोकेको छ र प्रत्येक जनावरको जकात भिन्न भिन्न छ । त यसरी बाख्रामा प्रत्येक चालिस बाख्रामा एक बाख्रा जकात दिनु पर्छ, र एक सय इक्कइस (१२१) बाख्रामा दुई बाख्रा जकातमा दिनु पर्छ, त चालिसदेखि १२० सम्म मात्र एक बाख्रा छ। र २०१ बखामा ३ बाख्रा जकातमा दिनु पर्छ, यसर्थ १२१ देखि २०० सम्ममा मात्र दुई बाख्रा जकातमा दिनु पर्छ, यस पश्चात प्रत्येक सयमा एक बाख्रा थपदै जानु पर्छ जकातमा

दिनुको लागि । यसर्थ ३०१ मा चार बाख्रा र चार सय एकमा पाँच बाख्रा ... । तर यदि बाख्राहरूको संख्या मात्र तीन सय छ भने जकातमा मात्र तीन बाख्रा दिनु पर्छ, र तीन सय एकको संखयामा चार बाख्रा दिनु अनिवार्य हुन्छ, यस्तै मात्र चार सयमा चार बाख्रा र पाँच सयमा पाँच बाख्रा, र यदि संख्या पाँच सय एक भयो भने ६ बाख्रा जकातमा दिनु पर्छ, र यस्तै तरिकाले एक बाख्रा थप्दै जानु पर्छ जति संख्या भए पनि ।

र यसै कारण यस जनावरमा कुनै मात्रा निर्धारित गर्न सकिन्न बरु यसको ज्ञानको स्रोत मात्र हदीसका किताबहरू र विधिशास्त्रका किताबहरू हुन् ।

र चरेर पेट पाल्ने जनावरहरू बाहेकका जनावरहरू जसरी घोडा, गदहा, खच्चर आदि त यी जनावरहरूमा जकात छैन चाहे यिनीहरूको संख्या जति अधिक किन नहोस् र चाहे उनीहरू चरेर पेट किन नपनलुन्, जब त्यसद्वारा व्यवसाय नगरियोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

) "ليس على المسلم في عبده ولا فرسه صدقة"

أخرجه البخاري، كتاب الزكاة، باب ليس على المسلم في عبده صدقة، رقم (1464)، ومسلم، كتاب الزكاة، باب لا زكاة على المسلم في عبده ولا فرسه، رقم (982).

अर्थ : मुसलमानमाथि त्यसको दास र घोडामा जकात छैन । ( यसलाई बुखारीले वर्णन गरेका छन्, किताबुज्जकात, बाबु लइसा अलल् मुस्लिमे फि अब्देही सदकह हदीस नं. १४६४ । र मुस्लिम, किताबुज्जकात, बाबु ला जकाता अलल् मुस्लिमे फि अब्देही वला फर्सेही, हदीस नं. ९८२)

त यदि कुनै मान्छेसित १०० घोडा होउन् जसलाई त्यसले धर्मयुद्ध र सवारी वा अरु कुनै आवश्यकताको लागि पालेको छ भने त्यसमा जकात छैन, चाहे उनको मूल्य अत्याधिक किन नहोस् जबकि त्यसलाई व्यापारको उद्देश्यले पालेको छैन । तर यदि व्यवसायको उद्देश्यले पालेको छ भने त्यसमा व्यवसायको जकात अनिवार्य हुन्छ । त यी

मालका तीन थरी हुन् जसमा जकात छ अर्थात सुन चाँदी, धरतीबाट निस्कने उब्जन, र तेस्रो जनावर ।

(४) व्यवसायको माल: र व्यवसायको माल त्यसलाई भनिन्छ जसद्वारा मान्छे कमाई गरोस्, र यो कुनै विशेष थरीको मालमा विशिष्ट छैन बरु जुन मालले पनि मान्छे कमाई गर्छ त्यो समस्त यस अन्तर्गत आउँछ, र त्यसमा जकात अनिवार्य छ चाहे त्यो जमिन होस् वा घर, जनावर होस् वा दास वा आदमी, कम्पनी होस् वा गाडी, कपडा होस् वा भाँडा वर्तन, सुगन्ध होस् वा अरु कुनै वस्तु । अर्थात संक्षिप्त कुरो यो हो कि जुन कुराद्वारा पनि मान्छे व्यापार व्यवसाय गर्छ र कमाई गर्छ त्यसमा जकात छ । र यसको प्रमाण अल्लाहको यो फर्मान हो:

﴿ وَٱلَّذِينَ فِيٓ أَمۡوَٰلِهِمۡ حَقّٞ مَّعۡلُومٞ ٢٤ لِّلسَّآئِلِ وَٱلۡمَحۡرُومِ ٢٥ ﴾ المعارج: ٢٤ - ٢٥

अर्थ : र जसको सम्पत्तिमा (अरुको) हक निश्चित छ, (अर्थात्) माँग्नेवालाको र नमाँग्नेवालाको पनि । ( सूरतुल् मआरिज २४, २५)

र नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो जब उहाँले हजरत मुआजलाई यमनतिर पठाउनु भयो कि:

"أعلمهم أن الله افترض عليهم صدقة في أموالهم تؤخذ من أغنيائهم فترد على فقرائهم" ( أخرجه البخاري، كتاب الزكاة، باب وجوب الزكاة، رقم (1395)، ومسلم، كتاب الإيمان، باب الأمر بالإيمان بالله تعالى ورسوله صلى الله عليه وسلم، رقم (19).

अर्थ : उनीहरूलाई यो ज्ञान गराउनु कि अल्लाहले उनीहरूको मालमा जकात अनिवार्य गरेको छ जुन उनीहरूको समृद्धहरूबाट लिएर उनीहरूका निर्धनहरूमा वितरण गरिन्छ । ( बुखारी, किताबुज्जकात, बाबु वजूबिज्जकात, हदीस नं. १३९५ । र मुस्लिम, किताबुल् ईमान, बाबुल् अमरे

बिल् ईमानि बिल्लाहि तआला वरसूलिही सल्लल्लाहो अलैहे वसल्लम, हदीस नं. १९)

त समस्त मालहरूमा जकात अनिवार्य छ त्यस माल बाहेक जसमा जकात अनिवार्य नहुने प्रमाण होस् किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"إنما الأعمال بالنيات، وإنما لكل امرئ ما نوى" (

أخرجه البخاري، كتاب بدء الوحي، باب كيف كان بدء الوحي إلى رسول الله صلى الله عليه وسلم رقم (1)، ومسلم، كتاب الإمارة، باب قوله صلى الله عليه وسلم: "إنما الأعمال بالنيات" ، رقم (1907).

अर्थ : कर्म नीयतमा नै आधारित छ, र मान्छेको लागि त्यो नै छ जसको त्यो नीयत गरोस्। (बुखारी, किताबु बदइल् वहयी, बाबु कैफा काना बदउल वहयी इला रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लम, हदीस नं. १ । र मुस्लिम किताबुल् इमारह, बाबु

कौलिही सल्लल्लाहो अलैहे वसल्लम “इन्नमल् अअ्मालु बिन्नियात”, हदीस नं. १९०७)

र व्यापारी आफ्नो मालबाट त्यसको नाफा र नकदी चाहन्छ नकि त्यो सामान, र यसको प्रमाण हो यो कुरो कि त्यो बिहान कुनै सामान किन्दछ त यदि त्यसलाई साँझाको समय नाफा मिल्छ भने त्यो त्यसलाई विक्री गरिहाल्छ। त यो त्यस मान्छे सरह छैन जुन सामानलाई प्रयोगको लागि किन्दछ र त्यसलाई आफ्नो पासमा राख्दछ, चाहे त्यसको मूल्यमा वृद्धि भइहालोस् वा कमी। त व्यापारीको मूल उद्देश्य पैसा कमाउनु हो, र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

"إنما الأعمال بالنيات، وإنما لكل امرئ ما نوى" (

أخرجه البخاري، كتاب بدء الوحي، باب كيف كان بدء الوحي إلى رسول الله صلى الله عليه وسلم رقم (1)، ومسلم، كتاب الإمارة، باب قوله صلى الله عليه وسلم: "إنما الأعمال بالنيات"، رقم (1907).

अर्थ : कर्म नीयतमा नै आधारित छ, र मान्छेको लागि त्यो नै छ जसको त्यो नीयत गरोस्। (बुखारी, किताबु बदइल् वहयी, बाबु कैफा काना बदउल वहयी इला रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लम, हदीस नं. १। र मुस्लिम किताबुल् इमारह, बाबु कौलिही सल्लल्लाहो अलैहे वसल्लम "इन्नमल् अअ्मालु बिन्नियात", हदीस नं. १९०७)

र यदि हामी यो भनौं कि व्यापारिक मालमा जकात छैन भने त अत्याधिक माल जसद्वारा व्यापार गरिन्छ त्यसबाट जकात स्थगित भइहाल्छ, किनकि अधिकांश मालहरूको थरीद्वारा नै व्यापार गरिन्छ।

त मालका यी चार थरीहरूमा जकात अनिवार्य छ। र महको बारेमा विद्हरूको मतभेद छ कि यसमा जकात छ वा छैन, त केही विद्हरूको भनाई छ कि: महमा पनि जकात छ। त केहीको भनाई छ कि: महमा जकात छैन, र यस कुरामा हजरत उमर बिन खत्ताबको कथनद्वारा प्रमाणीकरण गरेका छन्। तर म यस समस्यामा कुनै निष्कर्षमा पुग्न सकेको छैन, र यसबारे अधिक ज्ञान अल्लाहलाई नै छ।

यसर्थ मान्छेमाथि त्यसका ती कुराहरूमा जकात छैन जसलाई त्यो आफ्नो निजी प्रयोगको लागि राखेको छ जसरी वर्तन भाँडा, गाडी ओछ्यान, घर जग्गा ...आदि, चाहे त्यो यसलाई भाडामा दिनुको लागि किन नराखेको होस् यसमा जकात छैन । त यदि कुनै मान्छेसित यति घर जग्गा होस् जसको मूल्य करोडौंमा होस्, तर त्यो त्यसबाट व्यापार व्यवसाय गर्दैन भने त्यसमा जकात छैन, बरु जकात त त्यस मालमा छ जसमा नाफा मिलोस् वा भाडा मिलोस्, त त्यसको नाफा र भाडामा जकात अनिवार्य हुन्छ जब त्यसमाथि एक वर्षको अवधि बितोस् जस समयदेखि त्यसलाई भाडामा दिएको छ वा लेखापढी गरेको छ। त यदि एक वर्ष पनि पुगेन यस्तो अवस्थामा त्यस्तो भाडामा वा लेखापढीमा जकात छैन, किनकि यी कुराहरू चारौं थरी जसलाई माथि वर्णन गरिएको छ त्यस बाहेक हुन्। त यसमा वास्तविक तौरले मान्छेको दायित्व विरक्त छ यहाँसम्म कि त्यसमाथि कुनै प्रमाण मिलोस् जुन यो प्रमाणित गरोस् कि यसमा पनि जकात छ किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"ليس على المسلم في عبده ولا فرسه صدقة" (

أخرجه البخاري، كتاب الزكاة، باب ليس على المسلم في عبده صدقة، رقم (1464)، ومسلم، كتاب الزكاة، باب لا زكاة على المسلم في عبده ولا فرسه، رقم (982).

अर्थ : मुसलमानमाथि त्यसको दास र घोडामा जकात छैन। ( यसलाई बुखारीले वर्णन गरेका छन्, किताबुज्जकात, बाबु लैएसा अलल् मुस्लिमे फि अब्देही सदकह हदीस नं. १४६४ । र मुस्लिम, किताबुज्जकात, बाबु ला जकाता अलल् मुस्लिमे फि अब्देही वला फर्सेही, हदीस नं. ९८२)

त यसबाट यो प्रष्ट हुन्छ कि जुन कुराहरूलाई मान्छे आफ्नो निजी आवश्यकता पूर्तिको लागि राखेको छ जुन जकातका मालहरू बाहेकका हुन् त्यसमा जकात छैन, र यस्ता माल जग्गा जमिन जसलाई मान्छे आफ्नो दैनिक आवश्यकता पूर्तिको लागि राखेको छ जसलाई त्यो खरिद विक्री गरिरहेको छैन बरु त्यसद्वारा आफू लाभान्वित हुन्छ,

र त्यसमा बढोत्तरी गरिरहेको छ भने त्यसमा जकात छैन ।

## जग्गा जमिनमो मूल्यांकन त्यसको जकात निष्कासित गर्ने उद्देश्यले गर्नु

प्रश्न: (११७) आदरणीय शैख ज्यू, जुन मानिसहरूले जग्गा किने अनि त्यो उनीहरूको हातमा रुक्यो, किनकि जग्गा जमिनको भाउ र मूल्य घटिहाल्यो, त के उनीहरू यसको मूल्यांकन अधिक मूल्यमा गरुन् जबकि वर्तमानमा त्यसको मूल्यांकन अति थोरै छ, अथवा कुन तरिकाले त्यो त्यसको जकात निष्कासित गरोस् ?

उत्तर: व्यापार गर्ने उद्देश्यले व्यापारमा लगाइएको माल यस कारण लगाइन्छ ताकि जब त्यसको मूल्यांकन वा मूल्यमा वृद्धि होस् त त्यसलाई विक्री गरियोस्, त जकातका मालहरूलाई वर्ष पूर्ण भए पश्चात मूल्यांकन गरेर त्यसको जकात निकालिन्छ। र यसको नेसाब हो रुबुउल् उश्र अर्थात चालिसौं भाग, किनकि व्यापारको सरसामानको मूल्य नै त्यसको असल तथ्य हो र यो नै अभीष्ट हुन्छ, र

मूल्य अर्थात मुद्रा जुन सुन चाँदीसित संलग्न छ, र सुन चाँदीको नेसाब चालिसौं भाग हो जसलाई जकातमा दिनु पर्छ । र यस कुरामा कुनै अन्तर छैन कि जमिन खरिद गरेको समय त्यसको जुन मूल्यांकन थियो त्यस्तै वर्तमानमा पनि होस्, बरु जकात निकाल्दा अर्थात एक वर्ष पूर्ण भए पछि त्यसको मूल्यांकन जति होस् त्यतिको जकात निकालिन्छ । र यसको उदाहरण यो हो कि यदि कुनै मान्छेले एउटा जमिन एक लाखमा किन्यो, र जब त्यस जमिनमाथि एक वर्ष बित्यो जब जकात निष्कासित गरिन्छ त त्यसको मूल्य दुई लाख भइसकेको थियो, त मान्छेलाई दुई लाखको हिसाब गरेर जकात निष्कासित गर्नु पर्छ, र यदि अवस्था यसको प्रतिकूल होस् अर्थात मान्छेले एक लाखमा त्यो जमिन किनेको थियो, तर वर्ष पूर्ण भए पश्चात त्यसको मूल्य घटेर ५० हजारसम्म पुग्यो भने मान्छेलाई पचास हजारको मात्र जकात निकाल्नु पर्छ, किनकि त्यसमाथि जुन समय जकात अनिवार्य भयो त्यस समयको मूल्यांकनलाई नै हेरिन्छ ।

तर यदि यस्तो अवस्था आओस् कि मान्छेलाई यो थाहा नहोस् कि त्यसले किनेको जमिनको मूल्य कति छ, त्यसमा अभिवृद्धि भएको छ वा घटेको छ, त यस्तो अवस्थामा त्यो जुन मूल्यमा किनेको थियो त्यसैलाई किटान मानेर त्यसको जकात निकालोस् । र यसको उदाहरण हो कि एउटा मान्छेले एक लाखमा जग्गा किन्यो तर वर्ष बिते पश्चात यस्तो गाह्रो अवस्था आयो कि यदि त्यसलाई विक्री गर्न चाहन्छ भने ८० हजार दाम लाग्दछ, र त्यस्तै जमिन खरिद गर्दा एक लाख बीस हजार लाग्दछ, त यस्तो अवस्थामा त्यो सन्देहमा परेको हुन्छ कि त्यसको वास्तविक मूल्यांकन कति होला ? त हामी यस्तो हैरान मान्छेलाई भन्छौं कि तिमी जुन मूल्यमा किनेका थियौ त्यसैलाई आधार मानेर जकात निकालिहाल, किनकि वास्तवमा त्यसको मूल्य त्यति नै हो ।

तर कतिपय मानिसहरू समस्यामा परिहाल्छन् जब उनीहरू कुनै जग्गा जमिन किन्दछन् अनि त्यो जमिन उनी विक्री गर्न चाहन्छन् तर त्यसलाई कोही

किन्दैन, त त्यो मान्छे त्यसको जकात कसरी निकालोस् ?

त हाम्रो भनाई छ कि: यदि यस्तो मान्छेको पासमा यस बाहेक अरु माल होस् भने यसको जकात पनि त्यसै मालबाट निकालि हालोस् । तर यदि त्यसको पासमा यस बाहेक कुनै अर्को माल छैन भने त्यसको चालिसौं भाग गरिबहरूमा वितरण गरिदेओस् जबकि त्यसद्वारा गरिबहरू बसोबास गरेर लाभान्वित हुनसकुन । र यदि यस्तो पनि हुन सक्दैन भने त्यो त्यस जमिनको एउटा मूल्य निर्धारित गरेर कि यस मूलयभन्दा कम अथवा अधिकमा त्यसलाई विक्री गर्दैन अनि त्यसै मूल्य बमोजिम त्यो जकात निकालोस् ।

र यो समस्या त्यस गरिबको ऋण सरह छ जुन त्यसलाई चुक्ता गर्नुमा असमर्थ छ, त ऋण दिने मान्छेमाथि तबसम्म जकात छैन जबसम्म त्यसलाई त्यो ऋण फिर्ता मिल्दैन । र यस समस्यामा सही कुरो यो नै हो कि जब गरिब मान्छे ऋण चुक्ता गर्छ, त ऋण दिने मान्छे एक वर्षको जकात निकाल्छ चाहे यो ऋणको राशि गरिबको पासमा

वर्षौं वर्ष किन नरहेको होस्। त यस विक्री नहुने जग्गाको बारेमा पनि यो नै भन्न सकिन्छ कि जब त्यो विक्री भइहालोस् त मात्र एक वर्षको जकात देओस् अर्थात जुन वर्ष त्यसलाई विक्री गरेको छ त्यसै वर्षको जकात देओस्। तर उचित यो नै छ कि जब त्यसलाई विक्री गरोस् त ती प्रत्येक वर्षको जकात निकालोस् जसमा यसको जकात निकालेको थिएन विक्री नहुने कारण, र गरिबले लिएको ऋण र यस विक्री नहुने जग्गामा अन्तर यो छ कि जमिन मान्छेको स्वयम्को स्वामित्वमा छ, जबकि गरिबको जिम्मामा भएको ऋण त्यसको विपन्नताको कारण चुक्ता भइरहेको थिएन, र त्यसको स्वामित्वमा पनि थिएन।

## जुन ऋण (कर्जा) अरु मानिसहरूको जिम्मामा छ त्यसको जकात दिने विधि

प्रश्नः (११८) आदरणीय शैख ज्यू, जुन ऋण अरु मान्छेहरूको जिम्मामा छ त्यसको जकात कसरी निकालियोस्?

उत्तर: ती ऋणहरू जुन मानिसहरूको जिम्मामा छन् चाहे त्यो रुपैयाँ पैसा होस् वा विक्रीय वस्तु, पारिश्रमिक होस् वा कर्जा, कुनै वस्तुलाई नष्ट गरिएको क्षतिपूर्ति होस् वा कसैलाई अंगभंग अथवा घाइते गर्नुको जरिवाना, वा यस बाहेक कुनै अन्य कुरा जुन अर्कोको जिम्मामा हुनसक्छ, त यसका दुई किसिमहरू छन्:

पहिलो: यस्तो कुरा जसमा जकात नै अनिवार्य नहोस् जसरी व्यापार व्यवसायको सरसामान जसमा जकात नै अनिवार्य नहोस् जसरी कुनै मान्छेको सय सेई वा त्यसभन्दा अलि अधिक गहुँ कसैमाथि उधारी होस् त यस ऋणमा जकात नै अनिवार्य छैन, किनकि यो अन्नमध्येको हो जसको जकात त्यसको मालिकमाथि अर्थात किसानमाथि मात्र हुन्छ ।

दोस्रो: ती ऋणहरू जसमा जकात अनिवार्य हुन्छ जसरी सुन चाँदी त यसको जकात ऋण दिने मान्छेमाथि हुन्छ किनकि यसको वास्तविक मालिक त्यही हो र त्यसलाई त्यो लिन पनि सक्छ र त्यसलाई माफ पनि गर्नसक्छ, त त्यो प्रत्येक साल यसको जकात निष्कासित गर्छ, त यदि त्यो चाहोस्

त आफ्नो मालको जकात निकाल्दा यसको पनि जकात निकालोस्, र यदि चाहोस् त एकै चोटि यस ऋणको जकात तब निकालोस् जब त्यसलाई फिर्ता गरियोस् । र यसको उदाहरण यो हो कि जब कुनै मान्छेको कुनै मान्छेमाथि एक लाखको ऋण होस् त ऋणको हकवाला मान्छे अर्थात ऋण दिनेवाला मान्छे प्रत्येक वर्ष यस ऋणको पनि जकात निष्कासित गरोस्, तर त्यसलाई यो अख्तियार छ कि यदि त्यो चाहोस् त त्यसको जकात आफ्नो मालको साथ निकालोस् वा यदि चाहोस् त तबसम्म प्रतिक्षा गरोस् जबसम्म त्यसलाई त्यसको ऋण फिर्ता नगरियोस्, अनि जब फिर्ता गरियोस् त ती समस्त वर्षहरूको पनि जकात निकालोस् जुन बिति सक्यो । र यो यस्तो अवस्थामा हुन्छ जब ऋण कुनै समृद्ध मान्छेमाथि होस्, तर यदि मान्छेले कुनै गरिबलाई ऋण दिएको छ भने त्यसमा जकात अनिवार्य हुँदैन किनकि ऋणको हकवाला वैधानिक तौरले त्यस गरिबबाट माँग्न सक्दैन किनकि अल्लाहको फर्मान छः

﴿ وَإِن كَانَ ذُو عُسۡرَةٖ فَنَظِرَةٌ إِلَىٰ مَيۡسَرَةٖۚ ﴾ البقرة: ٢٨٠

अर्थ : यदि कठिनाईमा छ भने उसलाई तिर्न सजिलो नहुञ्जेलसम्मको लागि समय देऊ । (सूतरल् बकर: २८०)

त वास्तवमा यो मान्छे आफ्नो माल पाउनुमा असमर्थ छ, यसर्थ त्यसमाथि जकात पनि अनिवार्य हुँदैन, तर जब त्यसलाई माल फिर्ता मिलोस् अर्थात त्यसलाई ऋण चुक्ता गरियोस् त त्यो एक वर्षको मात्र जकात निकालोस् चाहे त्यस गरिबको पासमा यो ऋण दश वर्ष किन नरहेको होस्, किनकि यस ऋणको प्राप्ति उस्तै छ जसरी जमिनबाट कसैलाई कुनै खजाना आदि मिलोस्, त यस्तो अवस्थामा त्यो मत्र प्राप्त भएको मालमा नै जकात निकाल्दछ ।

र केही मानिसहरूको यो पनि भनाई छ किः त्यो विगतका वर्षहरूको जकात दिदैन बरु अब नयाँ वर्ष पूर्ण भएमा मात्र जकात दिन्छ । तर हामीले भनेको कुरो नै सर्वोत्तम र उचित छ र त्यो हो एक वर्षको

जकात निकाल्नु, र यो कुनै कष्टकर कुरो पनि होइन । किनकि जुन मालबाट त्यो निराश भइसकेको थियो त्यो मिलेमा त्यसको चालिसौं भाग दिनु त्यसमाथि कुनै कष्टकर छैन, र यस्तो गर्नाले अल्लाहले त्यसमाथि गरेको अनुकम्पाको कृतज्ञता पनि ज्ञापन भइहाल्छ किनकि अल्लाहले त्यसको डुबेको माल पनि फर्काइदिएको छ ।

त यो नै ऋणको जकात सम्बंधि कुरा हो जसको सार यो हो कि यसको तीन थरी छः एउटा त्यो थरी जसमा जकात नै अनिवार्य छैन, र त्यो यसरी कि यस्तो ऋण होस् जसमा जकात नै अनिवार्य छैन जसरी कि कुनै मान्छेको कुनै मान्छेमाथि केही सेई गहूँ होस् ... आदि, त यसमा जकात नै अनिवार्य छैन त जब यस कुरामा जकात नै छैन त यसबाट कुनै फर्क पर्दैन कि त्यो हजारौं सेई किन नहोस् ।

र दोस्रो थरी त्यो ऋण हो जसमा जकात अनिवार्य हुन्छ जसरी सुन चाँदी, तर यदि यो ऋण कुनै गरिबमाथि छ भने यसमा पनि जकात छैन, तर जब त्यसलाई फिर्ता गरिन्छ त मान्छे त्यसबाट मात्र एक वर्षको जकात दिन्छ, अनि अर्को वर्षको गणना

आरम्भ गर्छ । र यो पनि भनिएको छ कि विगतका वर्षहरूको जकात नदिइकन् नयाँ वर्षबाट त्यसको जकात दिन्छ । तर जुन हामीले भनेका छौं त्यो नै उचित छ ।

तेस्रो थरी: त्यो ऋण जसमा प्रत्येक वर्ष जकात अनिवार्य छ, र यो त्यो ऋण हो जुन कुनै समृद्धलाई प्रदान गरिएको छ, त यसमा प्रत्येक वर्ष जकात अनिवार्य छ, तर मान्छेलाई यो अख्तियार छ कि त्यो आफ्नो मालको जकात निकाल्दाखेरि यसको जकात पनि निकाल्दै गरोस्, र यदि चाहोस् त जब त्यसलाई ऋण फर्काइयोस् त एकै चोटि विगतका पूर्ण वर्षहरूको जकात निकालोस् ।

## व्यवसायका मालहरूको अनुमान लगाउनु

प्रश्न: (११९) आदरणीय शैख ज्यू, के व्यापारिक र व्यवसायिक मालको अनुमान लगाएर जकात निकाल्नु सही छ जब व्यवसायी त्यसको गन्ती गर्नुबाट असमर्थ भइहालोस् ?

उत्तरः त्यसको अनुमान लगाउनु दुरुस्त छैन किनकि अनुमान लगाउनु फलहरूमा मात्र प्रमाणित छ, र यससित केही विद्हरूले खेती पातीलाई पनि संलग्न गरेका छन्, तर अरु मालहरूलाई अनुमान गर्नु असम्भव छ किनकि ती नानाथरीका हुन्छन् । तर मान्छेमाथि यो अनिवार्य छ कि आफ्नो क्षमता बमोजिम प्रयास गरोस् र सचेत र सावधान रहोस् । यसर्थ यदि मान्छेले कुनै वस्तुबारे यो अनुमान लगाओस् कि यसको मूल्य एक लाख जतिको छ तर एक लाख बीस हजारको पनि हुनसक्छ त उचित यो नै छ कि एक लाख बीस हजारको दरले नै जकात निकलोस्, ताकि त्यसको दायित्व पूर्ण भइहालोस् ।

## सानो बालक र पागल (बहुलहा)को मालको जकात

प्रश्नः (१२०) आदरणीय शैख ज्यू, के गैर मुकल्लफ अर्थात जसमाथि इस्लामका अनिवार्य कार्यहरू लागू हुँदैनन् जसरी सानो बालक र पागल, त यिनको मालमा जकात छ ?

उत्तरः यस कुरामा विद्हरूको मतभेद छ, त केही विद्हरूको भनाई छ किः सानो बालक र पागलको मालमा जकात अनिवार्य छैन, किनकि उनीहरू मुकल्लफ छैनन्, यसर्थ जब उनी मुकल्लफ छैनन् त उनीहरूको मालमा जकात पनि छैन ।

र केही विद्हरूको यो भनाई छ किः उनीहरूको मालमा जकात अनिवार्य छ, र यो नै सही कुरो हो, किनकि जकात मालको हुकुममध्येको हो जसमा मालिकलाई हेरिदैन, किनकि अल्लाहको फर्मान छः

﴿ خُذۡ مِنۡ أَمۡوَٰلِهِمۡ صَدَقَةٗ تُطَهِّرُهُمۡ وَتُزَكِّيهِم بِهَا ﴾

التوبة: ١٠٣

अर्थ : तिनीहरूको सम्पत्तिबाट तपाईंले सदका (धर्मदाय) लिनुस् जसबाट तिनीहरूलाई तपाईंले शुद्ध र पवित्र गरिदिनुस् । (सूरतुत्तौबा १०३)

त अल्लाहले यस हुकुमको मूल मर्म र तथ्य माललाई निर्धारित गरेको छ ।

र यस्तै जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले मुआज बिन जबललाई यमनतिर पठाउनु भयो त भन्नु भयो:

"أعلمهم أن الله افترض عليهم صدقة في أموالهم تؤخذ من أغنيائهم فترد على فقرائهم" ( أخرجه البخاري ، كتاب الزكاة ، باب وجوب الزكاة ، رقم (1395)، ومسلم، كتاب الإيمان ، باب الأمر بالإيمان بالله تعالى ورسوله صلى الله عليه وسلم ، رقم (19).

अर्थ : उनीहरूलाई यो ज्ञान गराउनु कि अल्लाहले उनीहरूको मालमा जकात अनिवार्य गरेको छ जुन उनीहरूको समृद्धहरूबाट लिएर उनीहरूका निर्धनहरूमा वितरण गरिन्छ । ( बुखारी, किताबुज्जकात, बाबु वजूबिज्जकात, हदीस नं. १३९५ । र मुस्लिम, किताबुल् ईमान, बाबुल् अमरे बिल् ईमानि बिल्लाहि तआला वरसूलिही सल्लल्लाहो अलैहे वसल्लम, हदीस नं. १९)

त यस हदीसको आधारमा पनि बालक र पागलको मालमा जकात अनिवार्य हुन्छ जसलाई उनीहरूको वली (सरप्रस्त) उनीहरूको तर्फबाट निष्कासित गर्छ ।

# जकातलाई कता खर्च गर्ने

प्रश्न: (१२१) आदरणीय शैख ज्यू, कुन कुन ठाउँमा जकात खर्च गर्नु अनिवार्य छ ?

उत्तर: अल्लाहले पवित्र ग्रन्थ कुरआनमा आठ प्रकारका मानिसहरूमा यस जकातलाई खर्च गर्ने आदेश गरेका छन्, र यस कुरालाई पूर्णरूपले स्पष्ट पारेका छन्, र यो वितरणको तोकाई र निर्धारण तत्वदर्शितायुक्त छ । अल्लाहको फर्मान छ:

﴿ ۞ إِنَّمَا ٱلصَّدَقَٰتُ لِلۡفُقَرَآءِ وَٱلۡمَسَٰكِينِ وَٱلۡعَٰمِلِينَ عَلَيۡهَا وَٱلۡمُؤَلَّفَةِ قُلُوبُهُمۡ وَفِي ٱلرِّقَابِ وَٱلۡغَٰرِمِينَ وَفِي سَبِيلِ ٱللَّهِ وَٱبۡنِ ٱلسَّبِيلِۖ ﴾ التوبة: ٦٠

अर्थ : सद्का (धर्मदाय) मात्र ग़रीब, र निमुखाहरूको निम्ति हुन्, र जो यस कामका लागि नियुक्त

गरिएका हुन् र उनीहरूको लागि जसका हृदयलाई आकृष्ट गर्नु र रिझाउन अभिष्ट हुन्छ र दासहरूलाई मुक्त गराउनमा र ऋणिहरूको ऋण तिर्नलाई र अल्लाहको बाटोमा र यात्रीहरूको सहायताको निम्ति। (सूरतुत्तौबा ६०)

अनि यस पश्चात अल्लाहको भनाई छः

﴿ فَرِيضَةً مِّنَ ٱللَّهِۗ وَٱللَّهُ عَلِيمٌ حَكِيمٌ ٦٠ ﴾

التوبة: ٦٠

अर्थ : यो अल्लाहको तर्फबाट पठाइएको अनिवार्य आदेश हो। अल्लाह सबैकुरा जान्नेवाला, अत्यन्त तत्वदर्शी छ। (सूरतुत्तौबा ६०)

त यी आठ प्रकारका मानिसहरू हुन् जिनलाई जकात प्रदान गरिन्छ, र यी कुल आठ थरीका छन्:

**फकीर र मिस्कीनः** (गरिब दरिद्र) त यिनीलाई जकात दिइन्छ ताकि यिनी आफ्नो दैनिक आवश्यकता पूर्ण गरुन्।

र फकीर एवं मिस्कीनबीच अन्तर यो छ कि फकीरहरू ती हुन् जिनसित यति माल पनि नहोस् जसद्वारा उनीहरूको परिवारको आधा सालको आवश्यकता पनि पूर्ण होस् । तर मिस्कीन फकीरभन्दा राम्रो अवस्थामा हुन्छ किनकि उनीसित यति माल हुन्छ जुन आधा सालभन्दा अधिक उनीहरूको आवश्यकता पूर्ण गर्न सक्दछ, तर त्यति उनीहरूको आवश्यकता पूर्ण गर्नुको लागि पर्याप्त हुँदैन ।

त यिनीहरूलाई जकात दिइन्छ यिनीहरूको आवश्यकता पूर्ण गर्नुको लागि ।

तर हामी आवश्यकतालाई कसरी आँकलन गरौं, यसको लागि कुन कसौटी, पैमाना र मापदण्ड छ ?

त यस सन्दर्भमा विद्हरूको कथन छ कि उनीहरूलाई जकातको मालबाट यति दिइन्छ जति उनीहरूको परिवारलाई एक वर्षको लागि पर्याप्त होस्, र यो पनि हुनसक्छ कि यति माल दिइयोस् जसबाट उनी समृद्ध भइहालुन् । तर जुन विद्हरूले आवशयकतालाई एक वर्षबाट निबन्धित गरेका छन्

उनीहरूको भनाई छ किः यो यस कारण किनकि जब एक वर्ष पूर्ण भइहाल्छ त मालमा पुनः जकात निष्कासित गर्नु अनिवार्य भइहाल्छ, त जसरी जकात निष्कासित गर्नुमा समयलाई आधार मानिन्छ उस्तै जकातद्वारा फकीर र मिस्कीनको आवश्यकता पूर्ण गर्नुलाई पनि त्यसै समयलाई आधार मानिन्छ। र यो हसनको कथन हो, र यो कथन ठीक पनि छ। यसर्थ हामी फकीर र मिस्कीनहरूलाई जकातबाट यति माल प्रदान गरौं जुन त्यसको र त्यसको परिवारको लागि एक वर्षसम्म पर्याप्त होस्, अब चाहे यो खाद्यमध्येबाट दिइयोस् वा लुगाफाँटबाट, वा रुपैयाँ दिइयोस् जसद्वारा त्यो ती समस्त कुरा किनोस् आफ्नो आवश्यकता अनुसार, वा त्यसलाई ती मशीनहरू दिइयोस् यदि त्यो त्यसलाई प्रयोग गर्नुमा सिपालु छ ताकि त्यो त्यसद्वारा कमाई गरेर पेट पालोस् जसरी दर्जीलाई सिलाई मशीन, सिकर्मी र डकर्मीलाई उनीहरूको शीपसित संलग्न अवजार दिइयोस्, अर्थात हामी उनीहरूलाई यति सरसामान र सामग्री प्रदान गरौं जसद्वारा कम्तिमा त्यसको

लागि र त्यसको परिवारको लागि एक वर्ष पर्याप्त होस् ।

**तेस्रो थरी जकात असूल गर्ने कार्यमा नियुक्त मानिसहरू:** अर्थात जुन मानिसहरूलाई हाकिमले यस कार्यको लागि नियुक्त गरेको होस्, र यसै कारण अल्लाहले भनेको छः "र जो यस कामका लागि नियुक्त गरिएका हुन्" र यो भनेन कि त्यसमा कार्य गर्नेहरू ।

त यसबाट यो संकेत गरिएको छ कि जसलाई हाकिमले नियुक्त गरेको होस्, र यी हाकिमहरूद्वारा नियुक्त मानिसहरू हुन्: त्यसलाई (जकातलाई) एकत्रित गर्नेहरू, त्यसलाई वितरण गर्नेहरू, त्यसको लेखा जोखा गर्नेहरू ।

त यी ती मानिसहरू हुन् जुन जकातमाथि कार्यरतहरू हुन् र यिनलाई जकातबाट दिइन्छ, तर कति दिइन्छ ?

त जब उनीहरू जकातको सन्दर्भमा कार्यरत छन् त उनीहरूलाई त्यसको पारिश्रमिकको तौरले जकातबाट दिइन्छ, यसर्थ उनीलाई उनीहरूको कार्य

बमोजिम जकातबाट दिइन्छ । यसर्थ उनीलाई पारिश्रमिकको रूपमा दिइन्छ अब चाहे उनी गरिब होउन् वा समृद्ध, किनकि उनी आफ्नो कार्यको पारिश्रमिक लिन्छन् नकि आफ्नो आवश्यकताको कारण । तर यदि यो देखियोस् कि जकातको सन्दर्भमा कार्य गर्ने मानिसहरू गरिब छन् भने उनीहरूलाई पारिश्रमिकको साथ साथै गरिब हुने कारणले पनि अरु दिइन्छ जुन उनीहरूको एक वर्षको आवश्यकतालाई पूर्ण गरोस् । र यसको उदाहरण यसरी छ कि यदि कुनै मान्छेको पूर्ण वर्षको आवश्यकता दश हजार रियालमा पूर्ण हुन्छ, र जकातमा कार्यरत मान्छेलाई दुई हजार रियाल दिइन्छ, त यदि हामी कुनै गरिबलाई जकातबाट दिन्छौं भने दश हजार दिन्छौं, तसर्थ यस कार्यरत मान्छेलाई हामी दुई हजार त्यसको पारिश्रमिकको रूपमा त्यसको कार्यको लागि दन्छिौं, र आठ हजार गरिब हुने कारण, अनि उनीहरूको एक वर्षको आवश्यकता पूर्ण भइहाल्छ। त यो नै हाम्रो कथनको तात्पर्य हो, कि तिनीहरूलाई पनि यति दिइन्छ जुन उनीहरूको एक वर्षको आवश्यकता पूर्तिको लागि

पर्याप्त होस्, किनकि जब उनी आफ्नो पारिश्रमिक लिन्छन् त उनीलाई मात्र त्यति दिइन्छ जतिको उनी हकदार हुन्छन् अनि गरिब हुने कारणले पनि उनीहरूलाई त्यस बाहेक यति दिइन्छ जसलेगर्दा उनीहरूको एक वर्षको आवश्यकता पूर्ण भइहालोस्, किनकि उनी मात्र त्यतिका हकदार हुन्छन् जतिबाट उनीहरूको एक वर्षको आवश्यकता पूर्ति होस् पारिश्रमिक बाहेक ।

**चौथो थरी हृदयलाई जोडनुमाः** त यी ती मानिसहरू हुन् जिनलाई याता इस्लामतिर प्रवृत्त गर्ने उद्देश्यले वा इस्लाममा सवल गर्ने उद्देश्यले जकातबाट दिइन्छ । जसरी त्यस काफिरलाई जकातबाट दिनु जसको इस्लाम कबूल गर्ने सम्भावना होस्, वा जुन नयाँ मुसलमान भएको छ त्यसलाई इस्लाममा दृढ राख्नुको लागि यस्तो गरियोस्, वा कुनै उत्पातीको उत्पातबाट बाँच्नुको लागि त्यसलाई यसबाट दिइयोस् ताकि मुसलमानहरू त्यसको उत्पातबाट बाँचुन् ...।

यसर्थ यस्तो मानिसलाई दिनु जसद्वारा मुसलमानहरूको हित होस् । तर के यस्तो गर्नुको

लागि यो शर्त छ कि जस मान्छेलाई जकात दिइन्छ त्यो कुनै समुदायको नायक वा मुखिया होस् ? वा कुनै मानिसको स्वार्थमा, जसरी कुनै मान्छे नयाँ मुसलमान भएको छ भने त्यसलाई पनि दिन सकिन्छ त्यसको इस्लाम र ईमानलाई सबल गर्नुको लागि ?

त यस समस्यामा विद्हरूको मतभेद छ, तर मेरो दृष्टिमा सही कुरो यो नै हो कि सर्वसाधारण मान्छे जुन आफ्नो समूहको मुखिया र नायक होइन तै पनि यदि त्यो ईमान ल्यायो भने त्यसको हृदयलाई मुसलमानहरूसित जोडने उद्देश्यले र त्यसको ईमानको सुदृढताको उद्देश्यले त्यसलाई जकात दिनुमा कुनै आपत्ति छैन, किनकि अल्लाहको फर्मान छ: "र हृदयलाई आकृष्ट गर्नुमा" त जब हामी त्यस गरिबलाई त्यसको शारीरिक दुर्वलताको कारण यस जकातबाट दिन्छौं, त ईमानमा कम्जोर भएको मानिसलाई त्यसको ईमानलाई सुदृढ गर्नुको लागि दिनु अरु असल कार्य हो, किनकि ईमानलाई सबल गर्नु शरीरलाई सबल गर्नुभन्दा अधिक महत्वपूर्ण छ ।

त यी चार प्रकारका मानिसहरूलाई जुन जकात दिइन्छ त्यसको यिनीहरू परिपूर्ण मालिक भइहाल्छन्, यसर्थ यदि उनीहरूको त्यो अवस्था जसलेगर्दा तिनीहरूलाई जकात प्रदान गरिएको छ जसरी "गरिबी" यदि साल पूर्ण हुनुभन्दा अघि नै समाप्त भइहाल्छ तै पनि उनीहरूमाथि यो अनिवार्य छैन कि बाँकी बचेको जकातको राशिलाई फर्काउन्, बरु त्यसलाई खानु उनीहरूको लागि हलाल छ, किनकि अल्लाहको फर्मान छः

﴿ ۞ إِنَّمَا ٱلصَّدَقَٰتُ لِلۡفُقَرَآءِ وَٱلۡمَسَٰكِينِ وَٱلۡعَٰمِلِينَ عَلَيۡهَا وَٱلۡمُؤَلَّفَةِ قُلُوبُهُمۡ ﴾ التوبة: ٦٠

अर्थ : सद्क़ा (धर्मदाय) मात्र ग़रीब, र निमुखाहरूको निम्ति हुन्, र जो यस कामका लागि नियुक्त गरिएका हुन् र उनीहरूको लागि जसका हृदयलाई आकृष्ट गर्नु र रिझाउन अभिष्ट हुन्छ। (सूरतुत्तौबा ६०)

त अल्लाहले लिल् फुकराए लाम अक्षरको माध्यमले यी चार थरीहरूलाई वर्णन गरेको छ, जसको अर्थ हो: कि यदि गरिब मान्छे जसलाई हामीले जकात दिएका छौं त्यसको गरिबी बीच सालमा समाप्त भइहाल्छ भने त्यसमाथि यो अनिवार्य छैन कि त्यो जकातको राशिलाई फिर्ता गरोस् ।

उदाहरण: यदि हामीले दश हजार त्यसको गरिबीको कारण जकातबाट दिएका छौं ताकि त्यसको पूर्ण सालका आवश्यकताहरूको लागि पर्याप्त होस्, अनि वर्षको मध्यमा नै अल्लाहले त्यसलाई समृद्ध गरिदियो कुनै आर्थिक तथ्यद्वारा जसरी कुनै माल प्राप्तिद्वारा, वा विरासतमा मिलेको मालद्वारा...आदि, त त्यसमाथि यो अनिवार्य छैन कि जुन माल अर्थात जकातको माल त्यससित बचेको छ त्यसलाई फर्काओस्, किनकि त्यो त्यसको मालिक भइसकेको छ ।

**<u>जकात लिनेहरूको पाँचौं थरी:</u>** गर्दन (दास) मुक्तिमा, किनकि अल्लाहको फर्मान छ: "र दासहरूलाई मुक्त गराउनुमा" र विद्हरूले यसको तीन थरी बताएका छन्:

पहिलोः कुनै यस्तो दास जसले आफ्नो मालिकसित यो लेखापढी गरेको होस् कि यति राशि दिएर म दासत्वबाट मुक्त भइहाल्छु । त यस्तो दासलाई जकातबाट त्यति राशि दिइन्छ जसलाई त्यो आफ्नो मालिकलाई दिएर दासत्वबाट मुक्त भइहालोस् ।

दोस्रोः यस्तो मुसलमान दास जसलाई काफिरहरूले युद्धमा बन्दी बनाए, त काफिरहरूलाई जकातबाट यति धनराशि दिइन्छ जसद्वारा त्यस मुसलमानलाई उनीहरूको दासत्वबाट मुक्त गरियोस् । र यस्तै यो समस्या पनि छ कि यदि कसैले कुनै मुसलमान मान्छेको अपहरण गरोस् अब चाहे अपहरणकर्ता मुसलमान होस् वा काफिर, त्यसलाई जकातबाट दिएर त्यस मुसलमानलाई मुक्त गराउनु । र यो मुसलमान बन्दीलाई काफिरबाट उद्धार गराउने सरह छ, तर यो त्यस समय गरिन्छ जब हामी त्यस मुसलमानलाई त्यसको पञ्जाबाट मुक्त गराउनुमा अरु कुनै तरिकाले सफल नहोऔं, र मात्र पैसा दिनु नै विकल्प बाँकी बचेको होस्, र अपहरणकर्ता पनि मुसलमान नै होस् ।

**छठौं थरी ऋणी मान्छे:** यस ऋणको विद्हरूले दुई थरी वर्णन गरेका छन्: एउटा सुलह सफाइ गराउने हेतु, र अर्को आवश्यकतालाई पूर्ण गर्ने हेतु ।

र मान्छेहरूबीच सुलह सफाइ गराउने ऋणको उदाहरण यसरी दिएका छन् कि: दुई गोत्रबीच कुनै प्रकारको संघर्ष वा युद्ध भइहालोस् अनि कुनै निष्ठावान सदाचारी र सत्यनिष्ठ मान्छे आएर उनीहरूबीच केही राशिद्वारा सुलह गराओस्, र त्यस राशिको भुक्तान गर्नुको जिम्मेवारी स्वयम् आफै लेओस्, त हामी यस सुधारवादीलाई जकातबाट त्यो धनराशि दिन्छौं चाहे त्यो समृद्ध किन नहोस् त्यसको यस महान कार्यको प्रतिफलको रूपमा जसलाई त्यसले गरेको छ, र जसद्वारा त्यसले मुसलमानहरूको शत्रुता र ईर्ष्यालाई समाप्त गरेको छ । र त्यसलाई जकातबाट जुन राशि दिइन्छ त्यो यो हेरेर होइन कि त्यो गरिब छ वा समृद्ध हुने कारणले, बरु त्यसको त्यस कार्यको लागि दिन्छौं जुन त्यसले सबैको हितको लागि गरेको छ, नकि त्यसको आफ्नो कुनै आवश्यकता पूर्ण गर्नुको लागि ।

र रह्यो दोस्रो थरी त जुन स्वयम् ॠणी छ जसले आफ्नो कुनै आवश्यकता पूर्तिको लागि कसैबाट ॠण लियो, वा कुनै कुरा खरिद गर्नुको लागि जसको त्यसलाई आवश्यकता छ, तर त्यससित यति माल छैन जसबाट त्यो आफ्नो ॠण चुक्ता गरोस्, त त्यसको ॠण जकातको मालबाट चुक्ता गरिन्छ यस शर्तको साथ कि त्यो मान्छे वास्तवमा गरिब होस् चाहे त्यसको यस अवस्थाबारे मानिसहरूलाई थाहा नहोस् ।

त अब यस समस्यामा के हामी त्यस ॠणीलाई जकात दिऔं कि त्यो आफ्नो ॠण तिरोस् वा हामी आफै त्यसको ॠण तिरौं ?

त यस्तो अवस्थामा दुई प्रकारले त्यसको ॠण चुक्ता गर्न सकिन्छ: एउटा यसरी कि यदि त्यो ॠण चुक्ता गर्नुमा पूर्ण निष्ठावान छ र त्यसमाथि यो विश्वास पनि होस् कि यदि त्यसलाई जकातको राशि दिइयो भने त्यो त्यसबाट आफ्नो ॠण चुक्ता गर्छ भने त्यसलाई नै जकातको राशि दिइन्छ, किनकि यसमा त्यसको इज्जत सम्मान सुरक्षित रहन्छ, र मानिसहरूबीच त्यसको कुनै प्रकारको अवहेलना हुने

खतरा छैन जुन मानिसहरूबाट त्यसले ॠण लिएको छ। तर यदि त्यो ॠणी मान्छे फजूल खर्ची गर्नेवाला छ,  माललाई नष्ट गर्नेवाला छ, र यदि हामीले त्यसलाई माल दिएको खण्डमा त्यो बजारमा गएर यस्ता कुराहरू किनिहाल्छ जसको कुनै आवश्यकता छैन,  त यस्तो अवस्थामा हामी त्यसलाई नदिइकन् जुन मानिसहरूले त्यसलाई ॠण दिएका छन् तिनीहरू समक्ष गएर भन्छौं कि फलानाको जिम्मामा तिम्रो कति ॠण छ ? अनि त्यसको ॠणको केही भाग वा पूर्ण ॠणको भुक्तानी गर्छौं ।

के कुनै मृतकको ॠण पनि जकातको मालद्वारा भुक्तानी गरिन्छ जसले आफू पछि कुनै माल छाडेको छैन ?

त यस सन्दर्भमा अब्दुल बर्र र अबू उबैदहले वर्णन गरेका छन् कि पूर्ण सहमतिको साथ यो भनिएको छ कि मृतकको ॠण जकातबाट पूर्ण गरिन्न । तर वास्तवमा यस विषयमा विद्‌हरूको मतभेद छ, तर अधिकांश विद्‌हरूको कथन यो नै हो कि जकातको मालबाट मृतकको ॠण चुक्ता गरिन्न, किनकि मृतक अब यस संसारबाट गुज्रिसक्यो, र त्यसलाई

त्यो धिक्कार र अवहेलना पुग्दैन जुन जीवितलाई पुग्दछ। र यस्तै नबी सल्लल्लाहो अलैहे वसल्लमले मृतकहरूको श्रृणलाई जकातबाट चुक्ता गरेका छैनन् बरु उहाँ सल्लल्लाहो अलैहे वसल्लम फयको मालबाट चुक्ता गर्थे, जब उहाँलाई यसबाट अनुग्रहित थरिएको थियो। त यो यस कुरामा प्रमाणीकरण गरिरहेको छ कि जकातबाट मृतकको श्रृणलाई चुक्ता गरिन्न।

र यो पनि भनिन्छ कि मान्छेले यदि यो श्रृण पूर्ण निष्ठाको साथ चुक्ता गर्ने नीयतले लिएको थियो भने अल्लाहले आफ्नो दयाले यसलाई पूर्ण गर्छ, र यदि त्यसले श्रृण लिएको थियो त्यसलाई नष्ट गर्ने मनसायले त त्यसले आफूमाथि आफै अत्याचार गरेको छ, यसर्थ यो श्रृण त्यसको जिम्मामा बाँकी नै रहन्छ जसलाई त्यो प्रलयको दिन चुक्ता गर्नेछ।

र मेरो दृष्टिमा यस विषयमा यो सबैभन्दा सर्वोत्तम कुरो हो, त्यसको तुलनामा जसमा भनिन्छ कि जकातको मालबाट त्यसको श्रृण चुक्ता गरिन्छ।

र यो पनि भन्न सकिन्छ कि यस विषयमा यी दुवै अवस्थामा फर्क गरिन्छः जब जीवितहरूलाई जकातको आवश्यकता होस् दरिद्रता वा श्रृण वा धर्मयुद्धको कारण ..., र जब जीवितहरूलाई यसको आवश्यकता नहोस् । त जब अवस्था यस्तो होस् कि जीवितहरूलाई यसको आवश्यकता छ त उनीहरूलाई मृतकहरूमाथि प्रधानता दिइन्छ, र यदि अवस्था यस्तो छ कि उनीहरूलाई यसको आवश्यकता छैन भने यस कुरामा कुनै आपत्ति छैन कि ती मृतकहरूको श्रृण चुक्ता गरियोस् जिनले मृत्यु पश्चात कुनै माल छाडेका छैनन् । त कदाचित यो कथन दुवै कथनको मध्यमार्गीय कथन हो ।

**सातौं थरी अल्लाहको मार्गमाः** र यहाँ अल्लाहको मार्गको अर्थ हो धर्मयुद्ध । र यो उचित छैन कि यसबाट समस्त भलाईका माध्यमहरूलाई अर्थाइयोस्, किनकि यदि समस्त भलाईका माध्यमहरू यसको तात्पर्य हुन्थ्यो भने यसलाई सीमित गर्नुको कुनै लाभ नै छैन अल्लाहको यस कथनमाः

﴿ إِنَّمَا ٱلصَّدَقَٰتُ لِلۡفُقَرَآءِ وَٱلۡمَسَٰكِينِ
وَٱلۡعَٰمِلِينَ عَلَيۡهَا وَٱلۡمُؤَلَّفَةِ قُلُوبُهُمۡ ﴾ (الآية) التوبة: ٦٠

अर्थ : सद्क़ा (धर्मदाय) मात्र ग़रीब, र निमुखाहरूको निम्ति हुन्, र जो यस कामका लागि नियुक्त गरिएका हुन् र उनीहरूको लागि जसका हृदयलाई आकृष्ट गर्नु र रिझाउन अभिष्ट हुन्छ । (पूर्ण श्लोक) (सूरतुत्तौबा ६०)

किनकि यस्तो अवस्थामा यसद्वारा सीमित गर्नुको कुनै अर्थ छैन, यसर्थ फि सबीलिल्लाहको वास्तविक अर्थ हो जिहाद (धर्मयुद्ध) । त जुन मानिसहरू धर्मयुद्ध गरिरहेका छन् यस उद्देश्यले ताकि अल्लाहको वाणी नै सर्वोच्च रहोस्, त यस्ता योद्धाहरूलाई जुन आवश्यक पर्छ त्यसलाई जकातको मालद्वारा प्रदान गरिन्छ, जसरी युद्धयन्त्र, शस्त्र, खर्च... आदि, तर शर्त यो छ कि त्यो धर्मयुद्ध नै होस् ।

रसूल सल्लल्लाहो अलैहे वसल्लमले धर्मयुद्धको व्याख्या पूर्णरूपले स्पष्ट गरेर बताएका छन् जब उहाँसित यो प्रश्न गरियो कि मान्छे युद्ध गोत्रको पक्षपातको लागि र त्यसको सुरक्षाको लागि पनि गर्छ, र वीरता देखाउनु र ख्याति प्राप्त गर्नुको लागि पनि गर्छ, त यसमध्ये कुन चाहिँ अल्लाहको मार्गमा युद्ध हो ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले उत्तर दिनु भएको थियो कि:

" من قاتل لتكون كلمة الله هي العليا فهو في سبيل الله "(أخرجه البخاري ، كتاب العلم ، باب من سأل وهو قائم عالماً جالساً ، رقم (123)، ومسلم، كتاب الجهاد ، باب من قاتل لتكون كلمة الله هي العليا فهو في سبيل الله ، رقم (1904).

अर्थ : जसले अल्लाहको वाणी (धर्म) को सर्वोच्चताको उद्देश्यले युद्ध गर्छ त्यो नै अल्लाहको मार्गमा धर्मयुद्ध गरिरहेको छ । (यसलाई बुखारीले वर्णन गरेका छन्, किताबुल् इल्म, बाबु मन सअला

वहुवा काइमुन् आलिमन् जालिसन्, हदीस नं. १२३।
र मुस्लिम किताबुल जिहाद, बाबु मन कातला
लेतकूना कलेमतुल्लाहे हियल् उलिया फहुवा फि
सबीलिल्लाह, हदीस नं. १९०४)

त जसले आफ्नो गोत्र, समूह वा आफ्नो वातनको सुरक्षाको लागि युद्ध गरिरहेको छ त्यो धर्मयुद्ध होइन, त यो मान्छे त्यसको अधिकारी छैन नत यस संसारिक जीवनमा नत परलोकिक जीवनमा त्यसको हकदार छ जसको हकदार धर्मयुद्ध गर्नेवाला मान्छे हुन्छ। र जुन व्यक्ति वीरता देखाउने उद्देश्यले युद्ध गरिरहेको छ, र युद्ध गर्नुलाई मन पराउँछ, त यो मान्छे पनि अल्लाहको मार्गमा युद्ध गरिरहेको छैन। र जुन व्यक्ति आफ्नो दर्जा र श्रेणी देखाउनको लागि युद्ध गरिरहेको छ, त्यो मान्छे आडम्बर गरिरहेको छ अल्लाहको मार्गमा युद्ध गरिरहेको छैन। त यी समस्त अल्लाहको यस कथन “अल्लाहको मार्गमा” अन्तर्गत आउँदैनन्, र नत यिनीहरू ती समस्तका हकदार छन् जसको हकदार अल्लाहको मार्गमा युद्ध गर्ने व्यक्ति हुन्छ।

यसर्थ मात्र त्यो मान्छे अल्लाहको मार्गमा धर्मयुद्ध गरिरहेको छ जसको उद्देश्य यो होस् कि अल्लाहको धर्म सर्वोच्च रहोस्। र विद्हरूको यो पनि भनाई छ कि फि सबीलिललाह अन्तर्गत त्यो मान्छे पनि आउँछ जुन धार्मिक ज्ञान प्राप्त गर्नुको लागि आफूलाई पूर्णरूपले समर्पित गरिदिएको होस्, र यस बाहेक कुनै अरु कार्य नगरिरहेको होस्, त यस्तो मान्छेलाई पनि जकातबाट यति दिइन्छ जसले त्यसको आवश्यकता पूर्ण भइहालोस् जसरी खाना, कपडा, बासस्थान, किताब, कापी आदिको लागि पर्याप्त होस्। किनकि धार्मिक ज्ञानको प्राप्ति जिहाद फि सबीलिल्लाह अर्थात अल्लाहको मार्गमा युद्ध गर्नुको एउटा थरी हो, बरु इमाम अहमदको यतिसम्म भनाई छ कि: ज्ञानको तुलना कुनै पनि कुरा गर्न सक्दैन यदि ज्ञान ग्रहण गर्ने मान्छेको नीयत शुद्ध होस्।

त ज्ञान नै पूर्ण विधानको मूल मर्म हो, र विधान बिना ज्ञानको कल्पना पनि गर्न सकिन्न, र अल्लाहले यस पवित्र कुरआनलाई यस कारण अवतरित गरेको छ कि यसद्वारा मानिसहरूको बीचमा सत्यताको

साथ निसाफ गरियोस्, र यसको ज्ञान प्राप्त गरियोस्, र मानिसहरू यसबाट ती समस्त सिकुन् जसको उनीहरूलाई आवश्यकता छ ।

र रह्यो अल्लाहको मार्गमा युद्ध गर्नुको कुरो त यो सत्यमा अत्याधिक विशाल सुकर्म हो, बरु त्यो इस्लामको दाँत अर्थात मूल मर्म सरह छ, यसबाट कसैलाई इन्कार छैन, तर ज्ञानको महत्व पनि इस्लाममा महान छ, यसर्थ यो अल्लाहको मार्ग अन्तर्गत आउँछ यस कुरामा कुनै सन्देह छैन । यसर्थ यदि कुनै ज्ञानी ज्ञानको अभिलाषी हामीहरू समक्ष आउँछ, र भन्छ किः म धार्मिक ज्ञान प्राप्त गर्न चाहन्छु, तर यदि म धार्मिक ज्ञानको प्राप्तिमा लाग्दछु भने केही गर्न सक्दैन जुन मेरो आवश्यकता पूर्ण गरोस्, र यदि म काम गरेर आफ्नो आवश्यकता पूर्तितिर लाग्दछु भने म धर्मज्ञान प्राप्त गर्न सक्दैन । त यस्तो मान्छेलाई हामी भन्छौं किः तिमी धर्मज्ञान प्राप्त गर र तिम्रो आवश्यकता हामी जकातको मालबाट पूर्ति गर्नेछौं ।

**आठौंः जकातका थरीहरूमध्ये एउटा बाँकी छ र त्यो हो यात्रुः** र यो त्यो यात्रु हो जसको मध्य यात्रामा

त्यसको समस्त सरसामान सक्यो वा लुटियो, त यस्तो यात्रुलाई जकातबाट यति दिइन्छ कि त्यसको सहायताले त्यो आफ्नो देश र घरसम्म पुग्न सकोस्, यद्यापि त्यो आफ्नो नगरमा समृद्ध किन नहोस् । किनकि अहिले त्यो यसको आवश्यकता महसूस गर्छ, र यस अवस्थामा हामी त्यससित यो पनि भन्दैनौं कि तिमी उधारी लिइहाल अनि पछि फर्काइदिनु, किनकि यस्तो गर्दा हामी त्यसलाई कर्जा लिनुमा बाध्य गरिरहेका छौं जुन त्यसको जिम्मामा नै रहन्छ ।

तर यदि त्यो स्वयम् यो चाहोस् कि जकातबाट लिदैन बरु कर्जा लिएर आफ्नो आवश्यकता पूर्ण गर्छ, त यस्तो गर्नुको लागि त्यो स्वतन्त्र छ । यसर्थ यदि हामीले यस्तो यात्रु भेट्दछौं जुन मक्कादेखि मदीनाको यात्रा गरिरहेको छ, अनि बाटोमा नै त्यसको खर्चा सक्यो वा हरायो, र त्यससित केही बाँकी रहेन, र त्यो मान्छे मदीना नगरमा समृद्ध छ, त जकातबाट त्यसलाई त्यति माल प्रदान गर्छौं जुन त्यसलाई मदीनासम्म पुग्नुमा सहायक होस् किनकि

यो नै त्यसको आवश्यकता हो यस अवस्थामा, र यसभन्दा अधिक त्यसलाई दिदैनौं ।

त जब अब हामीलाई ती थरीहरूबारे पूर्णतया ज्ञान भयो जिनलाई जकात प्रदान गरिन्छ, त यस बाहेकका जति हितकर र समाज सुधारक कार्यहरू छन् त्यसमा जकातको पैसा लगाउनु सही र दुरुस्त छैन । यसर्थ मस्जिद निर्माण गर्नुको लागि जकातबाट दिनु सही छैन, नत मार्ग बनाउनु वा त्यसलाई शुद्ध गर्नुमा दिनु नै सही छ, र नत कुनै संस्था आदिलाई नै यसलाई दिन सकिन्छ, र यस्तै यस जस्ता अरु कार्यहरूमा पनि जकातको माल लगाउनु सही छैन । किनकि अल्लाहले भनेको छः

﴿ فَرِيضَةً مِّنَ ٱللَّهِ ﴾ التوبة: ٦٠

अर्थ : यो अल्लाहको तर्फबाट पठाइएको अनिवार्य आदेश हो । (सूरतुत्तौबा ६०)

अर्थात यी थरीहरूलाई अल्लाहले निर्धारित गरेको छ, र अल्लाह सर्वज्ञानवान र तत्वदर्शी छ ।

अनि हामी भन्छौं कि के यी थरीहरूमध्ये समस्त थरीलाई जकात दिइयोस् वा कुनै एक थरीलाई दिएमा पुग्छ ?

त यसको उत्तर यो हो कि समस्त थरीका मानिसहरूलाई दिनु अनिवार्य छैन, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको थियो मुआज बिन जबलसित जब उनलाई यमनतिर पठाउनु भएको थियो कि:

"أعلمهم أن الله افترض عليهم صدقة في أموالهم تؤخذ من أغنيائهم فترد على فقرائهم" ( أخرجه البخاري ، كتاب الزكاة ، باب وجوب الزكاة ، رقم (1395)، ومسلم، كتاب الإيمان ، باب الأمر بالإيمان بالله تعالى ورسوله صلى الله عليه وسلم ، رقم (19).

अर्थ : उनीहरूलाई यो ज्ञान गराउनु कि अल्लाहले उनीहरूको मालमा जकात अनिवार्य गरेको छ जुन उनीहरूको समृद्धहरूबाट लिएर उनीहरूका निर्धनहरूमा वितरण गरिन्छ । ( बुखारी,

किताबुज्जकात, बाबु वजूबिज्जकात, हदीस नं. १३९५ । र मुस्लिम, किताबुल् ईमान, बाबुल् अमरे बिल् ईमानि बिल्लाहि तआला वरसूलिही सल्लल्लाहो अलैहे वसल्लम, हदीस नं. १९)

त यस हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले एक थरी बाहेक अरु कुनै थरीलाई वर्णन र निर्धारित गर्नु भएन । त यसबाट यो कुरो प्रष्ट हुन्छ कि कुरआनमा अल्लाहले मात्र ती थरीहरूलाई वर्णन गरेको छ जुन यसका हकदार छन् नकि यो कुरो कि सबैलाई दिनु अनिवार्य छ, बरु तीमध्ये कसैलाई दिएमा पुग्छ। तर यदि यो मानियोस् कि ती समस्त थरीहरूमध्ये कुन थरीलाई दिनु उत्कृष्ट छ। त हामी भन्छौं जुन थरीलाई यसको अत्याधिक आवश्यकता होस् । किनकि समस्त थरीहरू कुनै नकुनै कारणले यसका हकदार भएका छन् त जसलाई यसको अधिक आवश्यकता होस् त्यसैलाई दिनु श्रेष्ठ हुन्छ। र अधिकांश अवस्थामा यो देखिन्छ कि गरिब मिस्कीन नै यसको अत्याधिक आवश्यकता महसूस गर्छन्, र यसै कारणले अल्लाहले यिनीहरूलाई सर्वप्रथम वर्णन गरेको छ आफ्नो यस कथनमा:

﴿ ۞ إِنَّمَا ٱلصَّدَقَٰتُ لِلۡفُقَرَآءِ وَٱلۡمَسَٰكِينِ وَٱلۡعَٰمِلِينَ عَلَيۡهَا وَٱلۡمُؤَلَّفَةِ قُلُوبُهُمۡ ﴾ (الآية) التوبة: ٦٠

अर्थ : सद्क़ा (धर्मदाय) मात्र ग़रीब, र निमुखाहरूको निम्ति हुन्, र जो यस कामका लागि नियुक्त गरिएका हुन् र उनीहरूको लागि जसका हृदयलाई आकृष्ट गर्नु र रिझाउन अभिष्ट हुन्छ । (पूर्ण श्लोक) (सूरतुत्तौबा ६०)

## गरिब आफन्तीहरूलाई जकात दिनुको हुकुम

प्रश्न: (१२२) आदरणीय शैख ज्यू, गरिब आफन्तीहरूलाई जकात दिनुको के हुकुम छ ?

उत्तर: यदि मानिसका आफन्तीहरू ती थरीहरूमध्येका होउन् जसलाई जकात दिनु अनिवार्य छ त तिनीलाई जकात दिनु अरुलाई दिनुको तुलनामा श्रेष्ठ छ, किनकि आफन्तीहरूलाई दान दिनु दानको साथ साथै रिश्तालाई जोड्नु पनि हो ।

यसर्थ यदि तिम्रो भाइ वा काका वा बुवा वा आमा जकातका हकदारहरूमध्येका होउन् त तिम्रो जकातको उनी अरुभन्दा अधिक हकदार छन् । तर यदि उनी जकात आफ्नो आवश्यकता पूर्तिको लागि लिई रहेका छन्, र उनीहरूको आवश्यकता पूर्तिको दायित्व तिमीमाथि नै अनिवार्य छ त यस्तो अवस्थामा तिमी उनीहरूलाई जकात दिन सक्दैनौ, किनकि तिमी जकात दिएर आफ्नो त्यो माल बचाइहाल्छौ जुन उनीहरूलाई खर्चको रूपमा दिन्छौ । त यदि अवस्था यस्तो होस् कि तिम्रो एउटा भाइ छ जुन जकातको हकदार त छ तर त्यसको खर्चा बिहोर्ने तिम्रो दायित्व छ भने तिमी त्यसलाई जकात दिन सक्दैनौ, बरु तिमीमाथि यो अनिवार्य छ कि त्यसलाई खर्चा देऊ, किनकि जकात दिएमा तिमी खर्चा दिनुबाट बाँचिहाल्छौ । तर यदि अवस्था यस्तो छ कि तिम्रो भाइ गरिब छ, र त्यसमाथि कसैको श्रृण छ जसरी त्यसले कुनै वस्तु नष्ट गरिदियो वा कसैमाथि प्रहार र आक्रमण गऱ्यो जसको जरिवाना त्यसमाथि छ, त यस्तो अवस्थामा आफ्नो जकातको मालद्वारा त्यसको यो भारी उतार्न सक्दछौ, किनकि

तिमीमाथि यो अनिवार्य छैन कि त्यसको कर्जा चुक्ता गर, बरु तिमीमाथि त्यसको खर्चा मात्र बिहोर्नु अनिवार्य छ ।

र यस विषयमा यो विधि छ किः यदि मान्छेले आफ्नो आफन्तीहरूलाई उनीहरूको दैनिक आवश्यकता पूर्तिको लागि जकातबाट दिन्छ जबकि उनीहरूको खर्चा बिहोर्ने जिम्मेवारी त्यसैमाथि छ भने यस्तो अवस्थामा उनीहरूलाई जकात दिनु सही छैन । तर यदि उनीहरूलाई कुनै यस्तो कार्यको लागि जकात दिन्छ जसको दायित्व त्यस मान्छेमाथि छैन, त यस्तो अवस्थामा उनीहरूलाई जकात दिनु जायज छ, बरु यस्तो अवस्थामा उनीहरू त्यसको जकातको अरुभन्दा अधिक हकदार छन् ।

त यदि भन्नेवाला भन्छ किः तिम्रो यस कुराको प्रमाण के हो ?

त हामी भन्छौंः आम प्रमाणहरू यस कुरामा प्रमाणीकरण गर्छन्, बरु जकातको त्यो श्लोक जसलाई हामीले वर्णन गरेका छौं त्यो पनि

सामान्यतया यसै कुरामा प्रमाणीकरण गरिरहेको छ जुन यो हो:

﴿ ۞ إِنَّمَا ٱلصَّدَقَٰتُ لِلۡفُقَرَآءِ وَٱلۡمَسَٰكِينِ وَٱلۡعَٰمِلِينَ عَلَيۡهَا وَٱلۡمُؤَلَّفَةِ قُلُوبُهُمۡ ﴾ (الآية) التوبة: ٦٠

अर्थ : सद्क़ा (धर्मदाय) मात्र ग़रीब, र निमुखाहरूको निम्ति हुन्, र जो यस कामका लागि नियुक्त गरिएका हुन् र उनीहरूको लागि जसका हृदयलाई आकृष्ट गर्नु र रिझाउन अभिष्ट हुन्छ । (पूर्ण श्लोक) (सूरतुत्तौबा ६०)

र हामीले त्यस व्यक्तिलाई जकात दिनुबाट मनाही गरेका छौं त्यसको दैनिक आवश्यकता पूर्ण गर्ने सन्दर्भमा, किनकि यो त त्यस मान्छेमाथि अनिवार्य नै छ जसलाई मानिसहरू षडयन्त्र गरेर जकातद्वारा स्थगित गर्न खोज्दछन्, तर वास्तविक कुरो यो नै हो कि जकात दिएर यसको षडयन्त्र गरी यसलाई स्थगित गर्न सकिन्न ।

## स्पष्टीकरण

प्रश्नः (१२३) आदरणीय शैख ज्यू हामी यस्तो अवस्थाको उदाहरणद्वारा स्पष्टीकरण चाहन्छौं जसमा जकातद्वारा तिनीहरूको सहायता गर्न सक्छ र यस्तो गर्नु त्यसमाथि खर्च झैं अनिवार्य छैन ?

उत्तरः यसको उदाहरण हो किः तिम्रो बुवाले पाँच हजारको एउटा गाडी किन्यो, र त्यो गाडी जलेर खरानी भयो, त त्यसको जिम्मामा पाँच हजार आयो, त तिमीमाथि यो पाँच हजार तिर्नु अनिवार्य छैन किनकि यो खर्चामध्येको होइन, त अब तिम्रो लागि यो जायज छ कि आफ्नो बुवाको यो कर्जा आफ्नो जकातले चुक्ता गर । यस्तै यदि तिम्रो आफन्तीहरूमध्ये यदि कसैले कसैमाथि आक्रमण गऱ्यो, र त्यसलाई अंगभंग गरिदियो वा कसैको कुनै सरसामान नष्ट गरिदियो, त तिमी त्यसको यस कर्जालाई (क्षतिपूर्तिलाई) आफ्नो जकातद्वारा पूर्ण गर्न सक्दछौ ।

## ऋणलाई आफ्नो मालको जकात मानेर त्यसलाई ऋणीबाट माफ गर्नु

प्रश्न: (१२४) आदरणीय शैख ज्यू, के श्रृणलाई यस शर्तमा माफ गर्न सकिन्छ कि त्यो मान्छेको मालको जकात होस् ?

उत्तर: यस्तो गर्नु जायज छैन किनकि अल्लाहको फर्मान छ:

﴿ خُذۡ مِنۡ أَمۡوَٰلِهِمۡ صَدَقَةٗ تُطَهِّرُهُمۡ وَتُزَكِّيهِم بِهَا ﴾
التوبة: ١٠٣

अर्थ : तिनीहरूको सम्पत्तिबाट तपाईंले सदका (दान) लिनुस् जसबाट तिनीहरूलाई तपाईंले शुद्ध र पवित्र गरिदिनुस् । (सूरतुत्तौबा १०३)

त अल्लाहले भनेको छ कि "तिनीहरूको मालबाट लेऊ" र लिनु तबसम्म सम्भव छैन जबसम्म कुनै कुरा नदिइयोस् । र नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

"أعلمهم أن الله افترض عليهم صدقة في أموالهم

تؤخذ من أغنيائهم فترد على فقرائهم" ( أخرجه

البخاري، كتاب الزكاة، باب وجوب الزكاة، رقم (1395)، ومسلم، كتاب الإيمان، باب الأمر بالإيمان بالله تعالى ورسوله صلى الله عليه وسلم، رقم (19).

अर्थ : उनीहरूलाई यो ज्ञान गराउनु कि अल्लाहले उनीहरूको मालमा जकात अनिवार्य गरेको छ जुन उनीहरूको समृद्धहरूबाट लिएर उनीहरूका निर्धनहरूमा वितरण गरिन्छ । ( बुखारी, किताबुज्जकात, बाबु वजूबिज्जकात, हदीस नं. १३९५ । र मुस्लिम, किताबुल् ईमान, बाबुल् अमरे बिल् ईमानि बिल्लाहि तआला वरसूलिही सल्लल्लाहो अलैहे वसल्लम, हदीस नं. १९)

त उहाँको यो कथन कि उनीहरूको समृद्धहरूबाट लिइन्छ र त्यसलाई तिनीहरूका गरिबहरूमा फर्काइन्छ। त जकातमा लिनु दिनु दुवै तथ्य पाइनु अनिवार्य छ। र श्रृणको माफी दिनुमा यो कुरो लुप्त छ अर्थात पाइदैन । र यस कारण पनि यो जायज छैन किनकि जब मान्छे आफ्नो स्वामित्वमा भएको मालको जकात त्यस श्रृणबाट दिन्छ जुन त्यसको हातमा छैन, त यसको अर्थ यो भयो कि त्यो

जकातमा राम्रो मालको बदलामा अशुद्ध माल दिइरहेको छ, किनकि श्रृणको मालको मूल्य वास्तवमा त्यसको स्वामित्वमा भएको माल सरह छैन, किनकि जुन माल त्यसको स्वामित्वमा छ त्यो त्यसको मालिक हो, तर जुन श्रृणमा छ त त्यो त्यसको स्वामित्वमा छैन, किनकि त्यो त्यसलाई प्राप्त पनि हुनसक्छ र प्राप्त नहुने सम्भावना पनि छ, त दुवै मालबीच अन्तर स्पष्ट भयो । त जब श्रृणीको माल स्वामित्वमा भए जस्तो छैन त त्यसबाट जकात निष्कासित गर्नु पनि सही छैन । र अल्लाहको फर्मान छः

﴿ وَلَا تَيَمَّمُوا۟ ٱلْخَبِيثَ مِنْهُ تُنفِقُونَ وَلَسْتُم بِـَٔاخِذِيهِ إِلَّآ أَن تُغْمِضُوا۟ فِيهِ ۚ وَٱعْلَمُوٓا۟ أَنَّ ٱللَّهَ غَنِىٌّ حَمِيدٌ ﴿٢٦٧﴾ ﴾

البقرة: ٢٦٧

अर्थ : र त्यसमध्ये नराम्रा वस्तु दिने विचार नराख्नु, जुन वस्तु तिमी स्वयम् लिन चाहँदैनौ । र, बुझिराख कि अल्लाहलाई कुनै कुराको आवश्यकता छैन र ऊ सर्वगुण सम्पन्न छ । (सूरतुल् बकरः २६७)

र प्रश्नलाई प्रष्ट गर्ने उदाहरण यो हो कि: यदि कुनै मान्छेमाथि दश हजार रियाल जकात अनिवार्य छ, र त्यो कुनै यस्तो मान्छेको खोजमा छ जसलाई दश हजार रियालको आवश्यकता होस्, अनि त्यो त्यस मान्छेसम्म जान्छ जुन त्यसको दश हजार रियाल श्रृणी छ, अनि त्यससित भन्छः म तिमीबाट आफ्नो दश हजार रियाल माफ गर्दछु यस शर्तमा कि त्यो मेरो मालको जकात हुन्छ । त हामी भन्छौं: यस्तो गर्नु सही छैन, किनकि स्वामित्वमा भएको मालको जकात श्रृणद्वारा चुक्ता गर्नु सही छैन, र यसको कारण उपरोक्तमा वर्णन गरिसकेका छौं । तर कतिपय मानिसहरू यस विषयको पूर्ण ज्ञान नभएको कारण गल्तीले यस्तो गरिहाल्छन् । तर यसको बारेमा शैखुल् इस्लाम इब्ने तैमियाको भनाई छ कि: बिना कुनै मतभेद स्वामित्वमा भएको मालको जकात श्रृणद्वारा चुक्ता गर्नु सही छैन ।

## कुनै गरिब श्रृणीलाई यस शर्तमा जकातको माल दिनु कि त्यो त्यसलाई फर्काइदेओस्

प्रश्नः (१२५) आदरणीय शैख ज्यू, के यस्तो गर्नु जायज छ कि मान्छे आफ्नो श्रृणीलाई यस शर्तमा आफ्नो मालको जकात देओस् कि त्यो त्यसलाई त्यो माल फर्काइदेओस् ?

उत्तरः होइन, यस्तो गर्नु जायज छैन । अर्थात यदि तिम्रो कोही श्रृणी छ र त्यो गरिब पनि छ, र तिमीले त्यसलाई आफ्नो जकात आदि दिन्छौ भने त्यसमा कुनै आपत्ति छैन । तर यदि त्यससित यो शर्त गर्छौ कि त्यो माल श्रृण चुक्ता गर्ने क्रममा तिमीलाई फर्काइदेओस् त यस्तो गर्नु जायज छैन, किनकि यदि तिमी यस्तो गर्छौं भने हामी यो बुझ्दछौं कि यसद्वारा तिमी आफ्नो त्यो माल प्राप्त गर्न चाहन्छौ जुन त्यस गरिबको जिम्मामा छ । तर जकातको सन्दर्भमा मान्छेको लागि यो जायज छैन कि आफूलाई वा कसै अरुलाई अनाहक प्राथमिकता देओस् वा लाभ पुऱ्याओस् ।

## इस्लाममा जकातको महत्व

प्रश्नः (१२६) आदरणीय शैख ज्यू, इस्लाममा जकातको के महत्व छ ?

उत्तर: जकात इस्लामका ती विशाल पाँच आधारहरूमध्ये एक हो जसमाथि इस्लाम आधारित छ, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

" بني الإسلام على خمس : شهادة أن لا إله إلا الله وأن محمداً رسول الله، وإقام الصلاة، وإيتاء الزكاة ، وصوم رمضان ، وحج بيت الله الحرام" ( أخرجه البخاري ، كتاب الإيمان ، باب دعاؤهم إيمانكم ، رقم (8) ، ومسلم ، كتاب الإيمان ، كتاب بني الإسلام على خمس، رقم(16).

अर्थ : इस्लाम पाँच कुरामाथि आधारित छः लाइलाहा इल्लल्लाह र मुहम्मदुर्रसूलुल्लाहको गवाही दिनुमा, र नमाज कायम गर्नुमा, र जकात दिनुमा, र रमजान महिनाको व्रत बस्नुमा, र बैतुल्लाहको हज्ज गर्नुमा । (यसलाई बुखारीले वर्णन गर्नु भएको छ, किताबुल् ईमान, बाबु दुआउहुम ईमानुकुम, हदीस

नं. ८। र मुस्लिमले, किताबुल् ईमान, बाबु बुनियल् इस्लामु अला खमसिन्, हदीस नं. १६)

र जकात दिनु अनिवार्य छ यस कुरामा समस्त मुसलमानहरू एकमत छन् । र जसले यसको अनिवार्यताको इन्कार गर्छ त्यो काफिर भइहाल्छ यस अवस्था बाहेक कि त्यो नवमुस्लिम होस्, वा यस्तो दुरगम क्षेत्रमा बसोबास गरिरहेको होस् जहाँ ज्ञानको कुनै स्रोत नहोस् । त यस्तो मान्छे यदि यस्तो गर्छ अर्थात जकातको इन्कारी हुन्छ अनभिज्ञताको कारण त त्यो काफिर हुँदैन, तर त्यसलाई यसको तालिम दिइन्छ, र ज्ञान गराइन्छ, तर ज्ञान भए पश्चात पनि यदि त्यो आफ्नो पहिलोको कुरामा अर्थात इन्कारमा दृढ रहन्छ भने त्यो मुरतद भई काफिर भइहाल्छ ।

तर जसले जकातको अनिवार्यताको त इन्कार गरेन तर कञ्जूसीले गर्दा जकात दिदैन, वा सुस्तीले गर्दा जकात दिदैन, त यस्तो मान्छेको बारेमा विद्हरूको मतभेद छ, त केही विद्हरूको भनाई छ कि: त्यो काफिर भइहाल्छ, र यो नै इमाम अहमदको एउटा कथन हो । र केही विद्हरूको भनाई छ कि: यस्तो

अवस्थामा त्यो काफिर हुँदैन । र यो नै सही कुरो हो, तर त्यसले एउटा विशाल पाप गरेको छ । र यस कुराको कि जकात नदिने मान्छे काफिर हुँदैन हजरत अबू हुरैरहले वर्णन गरेको यो हदीस प्रमाण हो जसमा उहाँ सल्लल्लाहो अलैहे वसल्लमले सुन चाँदीको जकात नदिने मान्छेको दण्डलाई वर्णन गर्दै भनेका छन्:

" حتى يقضى بين العباد ، فيرى سبيله إما إلى الجنة ، وإما إلى النار" ( أخرجه مسلم ، كتاب الزكاة، باب إثم مانع الزكاة ، رقم (987).

अर्थ : यहाँसम्म कि भक्तहरूबीच फैसला गरियोस्, अनि याता त्यो स्वर्गको बाटो लाग्दछ, वा नर्कको । (मुस्लिम, किताबुज्जकात, बाबु इस्मे मानेइज्जकात, हदीस नं. ९८७)

त यसबाट यो प्रष्ट हुन्छ कि जब हदीस यो स्पष्ट गरिरहेको छ कि त्यो स्वर्गमा पनि जान सक्छ त त्यो काफिर भएको छैन, किनकि काफिर मान्छे स्वर्गमा प्रवेश पाउने छैन ।

तर यस जकातलाई सुस्ती वा कञ्जूसीले गर्दा त्यागेमा मान्छे अति ठूलो पापको भागीदार हुन्छ जस्तो कि अल्लाहको फर्मान छः

﴿ وَلَا يَحۡسَبَنَّ ٱلَّذِينَ يَبۡخَلُونَ بِمَآ ءَاتَىٰهُمُ ٱللَّهُ مِن فَضۡلِهِۦ هُوَ خَيۡرٗا لَّهُمۖ بَلۡ هُوَ شَرّٞ لَّهُمۡۖ سَيُطَوَّقُونَ مَا بَخِلُواْ بِهِۦ يَوۡمَ ٱلۡقِيَٰمَةِۗ وَلِلَّهِ مِيرَٰثُ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِۗ وَٱللَّهُ بِمَا تَعۡمَلُونَ خَبِيرٞ ١٨٠ ﴾ آل عمران: ١٨٠

अर्थ : जुन मानिसहरूलाई जे-जति धन सम्पत्ति अल्लाहले आफ्नो कृपाले प्रदान गरेको छ, तिनले त्यसमा कञ्जूस्यायीलाई आफ्नो हकमा राम्रो नठानुन् बरु (त्यो) तिनको निम्ति अहितकर छ। तिनीहरूले जुन धनमा कञ्जूसी गर्दछन् कियामतको दिन त्यसको तौक (पांग्रा) पहिराइने छन्। आकाशहरू र पृथ्वीको वेरासतको वास्तविक मालिक अल्लाह नै हो। र जुन क्रियाकलाप तिमीले गर्दछौ, अल्लाहलाई राम्ररी थाहा छ। (सूरतु आले इम्रान १८०)

﴿ وَٱلَّذِينَ يَكۡنِزُونَ ٱلذَّهَبَ وَٱلۡفِضَّةَ وَلَا
يُنفِقُونَهَا فِي سَبِيلِ ٱللَّهِ فَبَشِّرۡهُم بِعَذَابٍ أَلِيمٖ ٣٤
يَوۡمَ يُحۡمَىٰ عَلَيۡهَا فِي نَارِ جَهَنَّمَ فَتُكۡوَىٰ بِهَا
جِبَاهُهُمۡ وَجُنُوبُهُمۡ وَظُهُورُهُمۡۖ هَٰذَا مَا كَنَزۡتُمۡ
لِأَنفُسِكُمۡ فَذُوقُواْ مَا كُنتُمۡ تَكۡنِزُونَ ٣٥ ﴾ التوبة:
٣٤ ـ ٣٥

अर्थ : र जसले सुन चाँदीका खजाना (एकत्र) गरिराख्दछन् । र अल्लाहको मार्गमा खर्च गर्दैनन्, त उनीहरूलाई कष्टदायक यातनाको समाचार पुऱ्याइदिनुस् । जुन दिन त्यस सम्पत्तिलाई नर्कको आगोमा तताईन्छ अनि त्यसले उनीहरूका निधार र कोखा र पिठ्यूहरू डामिन्छन् (र भनिनेछ) : "यहि हो जुन तिमीले आफ्नो निम्ति खजाना बनाएर राखेका थियौ त आफ्ना खजानाहरूको स्वाद चाख ।" (सूरतुत्तौबा ३४, ३५)

त मुसलमान मान्छेलाई उचित यो छ कि त्यो अल्लाहले त्यसलाई मालको रूपमा दिएको अनुकम्पाको कृतज्ञता त्यसको जकात दिएर ज्ञापन गरोस्, ताकि अल्लाह त्यसको मालमा अझै वृद्धि गरोस्, र अल्लाह नै यसको अवसर दिनेवाला छ ।

यो भाग यता नै समाप्त हुन्छ अर्को भाग शीघ्र नै तपाई समक्ष प्रस्तुत गर्नेछु ।

अनुवादक

अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड नं. ९
महुवा तौलिहवा कपिलवस्तु नेपाल
द्यिार्थीः एम.ए. उम्मुल कुरा विश्वविद्यालय
पवित्र मक्का सउदी अरब
सम्पर्क नं.(00966-0501372254)
(00977-9814499140)